जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ८३ • २०८३ साल साउन २६ गते मंगलबार (11 August, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## ताहिर राईन कतारबाट पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । मानव बेचबिखन तथा ओसारपसार र जवर्जस्ती करणीको आरोपमा रेड नोटिस जारी भएका फरार अभियुक्त कतारबाट पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धनुषाको धनौजी गाउँपालिका-५ का मोहम्मद ताहिर राईन रहेका छन् । उनीविरुद्ध अन्तर ाष्ट्रियस्तरमा खोजतलास तथा पक्राउका लागि नेपाल प्रहरीले इन्टरपोलमार्फत रेड नोटिस जारी गराएको थियो ।

नेपाल प्रहरी प्रधान कार्यालयअन्तर्गत अपराध अनुसन्धान विभागको इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयले सन् २०२६ जुलाई २८ मा राईनविरुद्ध रेड नोटिस जारी गरेको थियो । रेड नोटिस जारी भएपछि उनीमाथि अन्तर्राष्ट्रियस्तरमै खोजतलास तीव्र पारिएको थियो ।

प्रहरीले जनाए अनुसार इन्टरपोल शाखा, राष्ट्रिय केन्द्रीय ब्युरो (एनसीबी) काठमाडौं र एनसीबी दोहा, कतारबीचको समन्वयमा कतारमा रहेका राईनलाई पक्राउ गरिएको छ ।

कतारबाट पक्राउ गरिएका राईनलाई कतार एयरवेजको उडानमार्फत सोमबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाण्डु ल्याइएको प्रहरीले जनाएको छ । विमानस्थलमा इन्टरपोल शाखा (एनसीबी काठमाडौं) बाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका राईनलाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको जिम्मा लगाइएको छ । उनीविरुद्ध मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणीसम्बन्धी कसुरमा अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइने भएको छ ।

नेपाल प्रहरीले अन्तर ाष्ट्रियस्तरमा फरार रहेका अभियुक्त तथा विभिन्न आपराधिक कसुरमा संलग्न व्यक्तिलाई पक्राउ गर्न इन्टरपोलको समन्वयमा विभिन्न देशका सम्बन्धित सुरक्षा निकायसँग सहकार्य गर्दै आएको छ ।

विदेशमा लुकेर बसेका फरार अभियुक्तलाई पक्राउ गरी नेपाल ल्याउन इन्टरपोलमार्फत सम्बन्धित मुलुकका राष्ट्रिय केन्द्रीय ब्युरोसंग समन्वय गर्ने गरिएको प्रहरीले जनाएको छ ।

### मधेशकेन्द्रित तीन दलको चेतावनी

## देवानगञ्ज घटनाका मृतकलाई तत्काल शहीद घोषणा गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालसहित मधेशकेन्द्रित तीन दलले कोशी प्रदेशस्थित सुनसरीको देवानगञ्ज घटनाका मृतकलाई तत्काल शहीद घोषणा गर्न सरकारसंग माग गरेका छन् । पीडित परिवारसंग सरकारले गरेको लिखित सम्झौता कार्यान्वयनमा ढिलाइ भइरहेको भन्दै उनीहरूले सरकारलाई गम्भीर बन्न चेतावनी दिएका छन् ।

सोमबार जारी संयुक्त विज्ञप्तिमार्फत जसपा नेपालका संरक्षक महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो र राष्ट्रिय निर्माण दलका अध्यक्ष समिम मियाँ अन्सार ीसहित देवानगञ्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहता र देवानगञ्ज-६ का वडाध्यक्ष हरिनन्दन मेहताले सरकारलाई तत्काल सम्झौता कार्यान्वयन गर्न आग्रह गरेका छन् ।

विज्ञप्तिमा देवानगञ्ज घटनापछि पीडित परिवारसँग नेपाल सरकारले गरेको लिखित सम्झौतामा मृतकलाई शहीद घोषणा गर्ने, क्षतिपूर्ति उपलब्ध गराउने, परिवारका सदस्यलाई रोजगारी दिने तथा घटनाको निष्पक्ष छानबिन सात दिनभित्र गर्ने प्रतिबद्धता जनाइएको स्मरण गराइएको छ ।

तर, सम्झौता भएको लामो समय बितिसक्दा पनि मन्त्रिपरिषद्बाट मृतकलाई शहीद घोषणा गर्नेलगायतका विषयमा आवश्यक निर्णय हुन नसकेको भन्दै तीन दलले सरकारको कार्यशैलीप्रति असन्तुष्टि



जनाएका छन् ।

उनीहरूले सम्झौता कार्यान्वयनमा भइरहेको ढिलाइलाई सरकारको चरम गैरजिम्मेवारी र पीडितप्रतिको संवेदनहीनताको प्रमाण भएको आरोप लगाएका छन् ।

त्यस्तै, काठमाण्डुमा उपचारका क्रममा रहेका रवीन्द्र मेहताको निधन भएको एक साता बितिसक्दा पनि अन्त्येष्टि हुन नसकेको विषयलाई उनीहरूले गम्भीर र आपत्तिजनक भनेका छन् ।

विज्ञप्तिमा मृत्युपश्चात् सम्मानपूर्वक अन्त्येष्टि गर्न पाउनु परिवारको आधारभूत अधिकार भएको उल्लेख गर्दै त्यसमा समेत अवरोध वा ढिलाइ हुने अवस्था सिर्जना हुनु गम्भीर विषय भएको जनाइएको छ ।

यस्तो ढिलाइले पीडित परिवारको पीडा र स्थानीयस्तरमा बढिरहेको जनआक्रोश थप चर्किन सक्ने तथा अप्रिय र गम्भीर दुर्घटना निम्तिन सक्ने जोखिमप्रति सरकार सचेत हुनुपर्ने उनीहरूको कथन छ ।

तीन दलले यसअघि गत १४ गते जारी गरिएको आठबुँदे मागसहितको वक्तव्य तथा १५ गते प्रधानमन्त्रीसँग भएको छलफलका क्रममा उठाइएका विषयलाई तत्काल कार्यान्वयनमा लैजानसमेत माग गरेका छन् ।

उनीहरूले सरकारसंग भएको सम्झौता सामान्य आश्वासन वा राजनीतिक वक्तव्य नभई राज्यले गरेको लिखित प्रतिबद्धता भएको स्पष्ट पारेका छन् । त्यसैले सम्झौता कार्यान्वयनमा थप ढिलाइ नगरी पीडितलाई न्यायको अनुभूति हुने गरी तत्काल निर्णय लिन सरकारलाई आग्रह गरेका छन् ।

तीन दलले तत्काल निर्णय गरी न्यायपूर्ण समाधानको बाटो नखोलिए सरकारको गैरजिम्मेवार रवैयाविरुद्ध शान्तिपूर्ण तथा सशक्त लोकतान्त्रिक संघर्ष अघि बढाउन बाध्य हुने चेतावनीसमेत दिएका छन् ।

## 'भगवानको नाममा हुने झगडामा नैतिकताको खोजी गरिनुपर्छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक तथा राष्ट्रियसभा सदस्यसमेत रहेका महन्थ ठाकुरले समाजमा बढ्दो धार्मिक असहिष्णुताप्रति चिन्ता व्यक्त गर्दै सामाजिक सद्भाव कायम राख्न कानूनी र नैतिक आधार बलियो हुनुपर्नेमा जोड दिएका छन् ।

संघीय संसद्को विकास, आर्थिक मामिला तथा सुशासन समितिको बैठकमा सोमबार 'राष्ट्रिय सदाचार नीति, २०८३' को कार्यान्वयनका सम्बन्धमा भएको छलफलमा बोल्दै सांसद ठाकुरले सामाजिक सद्भाव कायम राख्न कानूनी र नैतिक आधार बलियो हुनुपर्नेमा जोड दिए ।

उनले नेपालको विविधतापूर्ण समाजमा एउटा समुदायको धार्मिक गतिविधि वा नाराबाजी अर्को समुदायका लागि असहज बन्ने गरेको उल्लेख गरे । मानवीय नैतिकताको अभावमा धर्मका नाममा विवाद हुने गरेको तर्क गर्दै भगवानको नाममा हुने झगडामा नैतिकताको खोजी गरिनुपर्ने उनले बताए ।

राष्ट्रियसभा सदस्य ठाकुरले भने, ' एक समाजको मठ-मन्दिर अगाडि अर्को समाजको जुलुस जाँदा कतिपय अवस्थामा सहिष्णुता देखिए पनि, कतिपय अवस्थामा फरक नारा र धार्मिक मान्यताका कारण टकराव हुने गरेको छ । यस्तो असहिष्णुताले समाजमा मारकाट र द्वन्द्व निम्त्याउने गरेको छ ।'

नेपाली संस्कृतिलाई 'प्यासिभ' अर्थात् सहनशील संस्कृतिका रूपमा चित्रण गर्दै यसलाई कमजोरीका रूपमा लिन नहुने उनको भनाइ छ ।

समाजमा अराजकता फैलिन नदिन सरकारले कडा कानुनी व्यवस्था र दण्ड सजायको प्रावधान राख्नुपर्ने उनले बताए । राष्ट्रिय सदाचार नीतिको प्रभावकारी कार्यान्वयनले नै समाजमा सुशासन र सद् भाव कायम गर्न मद्दत पुग्ने उनको भनाइ छ ।

### स्थानीयद्वारा आन्दोलन जारी

## ढल्केवरमै ट्रमा सेन्टर बन्ने सरकारको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-ढल्केवरमा निर्माण गर्ने भनिएको ट्रमा सेन्टर अन्यत्र सार्न खोजिएको भन्दै चर्किएको विवाद तत्कालका लागि समाधानतर्फ उन्मुख भएको छ । आन्दोलनरत स्थानीयवासी र जनप्रतिनिधिको दबाबपछि सरकारले सोमबार ढल्केवरमै बजेटसहित ट्रमा सेन्टर निर्माण गर्ने तथा सिरहाको प्रादेशिक अस्पतालमा ट्रमा सेन्टरसहितका सेवा सुविधा विस्तार गर्ने घोषणा गरेको छ ।

ढल्केवरमा ट्रमा सेन्टर निर्माणको योजना लहान सार्न खोजिएको भन्दै केही दिनयता स्थानीयवासीले 'ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समिति' गठन गरी चरणबद्ध आन्दोलन गर्दै आएका थिए । सोमबार मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोको नेतृत्वमा पूर्व-पश्चिम राजमार्गसमेत करिब आधा घण्टा अवरुद्ध गरिएको थियो ।

ढल्केवरवासीले वर्षौंको कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरेर अघि बढाइएको आयोजना अन्यत्र सार्न नहुने भन्दै ट्रमा सेन्टर ढल्केवरमै निर्माण गर्नुपर्ने माग राख्दै आएका थिए ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रतिनिधिसभामा मधेश प्रदेशको ट्रमा सेन्टर सिरहाको लहानमा स्थापना गरिने घोषणा गरेपछि विवाद चर्किएको थियो । त्यसपछि धनुषाबाट प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका समानुपातिक सांसद प्रा. डा. चन्द्रमोहन यादवले समेत संसद्मै ढल्केवरको योजनाबारे सरकारसंग जवाफ मागेका थिए ।

यादवले लहानमा ट्रमा सेन्टर स्थापना गर्ने विषयमा आफूहरूको विरोध नरहेको तर ढल्केवरमा यसअघि नै सरकारले प्रक्रिया अघि बढाएको, बजेट विनियोजन गरेको र जग्गासमेत व्यवस्थापन गरिसकेको अवस्थामा त्यस आयोजनाको अवस्था स्पष्ट पार्नुपर्ने बताएका थिए ।

ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि संघीय सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत राजमार्गमा हुने दुर्घटनालाई लक्षित गर्दै बढी दुर्घटना हुने क्षेत्रमा ट्रमा सेन्टर स्थापना गर्ने नीति अघि सारेपछि ढल्केवरमा यसको प्रक्रिया सुरु भएको स्थानीय जनप्रतिनिधिको भनाइ छ ।

संघीय आयोजना कार्यान्वयन इकाई धनुषाले २०७७ मंसिर २३ गते मिथिला नगरपालिकालाई पत्राचार गरी ट्रमा सेन्टर निर्माणका लागि उपयुक्त जग्गा उपलब्ध गराउन आग्रह गरेको थियो । नगरपालिकाले २०७८ वैशाख २८ गते जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि प्रक्रिया



अघि बढेको थियो । जग्गा पहिचानका क्रममा २०७८ चैत ५ गते तत्कालीन नगर प्रमुख हरिनारायण महतोको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले ढल्केवरको गैरीटोलस्थित कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्येबाट ट्रमा सेन्टरका लागि जग्गा उपलब्ध गराउने सहमति गरेको थियो । त्यसपछि वडा कार्यालयले प्रस्तावित स्थान राजमार्गसँग जोडिएको ६० फिट चौडा सडकको पहुँचमा रहेको सिफारिस गरेको थियो ।

स्थानीयका अनुसार २०७९ सालमै ट्रमा सेन्टरको भौतिक संरचनाको 'टाइप डिजाइन' तथा नक्सा स्वीकृत भइसकेको थियो । सम्बन्धित निकायबाट स्थलगत निरीक्षण गरी प्रतिवेदनसमेत तयार पारिएको थियो ।

२०८० जेठ ३ गते नगर प्रमुख महेन्द्र महतोको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्ये चार बिघा जग्गा ट्रमा सेन्टरका लागि उपलब्ध गराउने निर्णय गरेको थियो । त्यसपछि मालपोत तथा नापी कार्यालयसँग सम्बन्धित प्रक्रिया अघि बढाइएको थियो ।

नापी कार्यालयका अमिनले स्थलगत अध्ययन गरी प्रस्तावित ट्रेस नक्सासहितको फिल्ड प्रतिवेदन तयार पारेका थिए । २०८१ जेठ २८ गते तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त जग्गामध्ये चार बिघा तीन धुरमा ट्रमा सेन्टर निर्माणका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लैजान सहमति दिएको स्थानीयको भनाइ छ ।

सरकारी जग्गा उपयोगसम्बन्धी कार्यनीति २०७९ अनुसार जग्गा प्रयोग गर्न सहमति दिइएको पत्रसमेत जारी भएको थियो । त्यसपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मालपोत कार्यालय धनुषालाई श्रेस्ता कायम गर्न सिफारिस गरिएको थियो । २०८२ माघ २० गते मालपोत कार्यालयका प्रतिनिधि तथा स्थानीयको रोहबरमा स्थलगत सर्जमिन मुचुल्कासमेत तयार पारिएको थियो ।


यी प्रक्रिया पूरा भएपछि नेपाल सरकार मन्त्रिपरिषद्ले २०८३ जेठ ५ गते ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि जग्गा उपयोगको अन्तिम स्वीकृति दिएको स्थानीयको दाबी छ । त्यसको केही सातापछि भूमि प्रशासन कार्यालय ढल्केवरले समेत चार बिघा तीन धुर जग्गा उपयोग गर्न पाउने प्रमाणपत्र जारी गरेको बताइएको छ ।

यसरी स्थानीय तहदेखि नापी, मालपोत, मन्त्रालय हुँदै मन्त्रिपरिषद्सम्मको प्रक्रिया पूरा भएको अवस्थामा लहानमा ट्रमा सेन्टर स्थापना गर्ने सरकारी घोषणाले स्थानीयलाई आक्रोशित बनाएको थियो ।

संघर्ष समितिका संयोजकसमेत रहेका मेयर महेन्द्र महतोले ढल्केवरको ट्रमा सेन्टर कुनै व्यक्तिको निजी योजना नभई वर्षौंको प्रयासपछि सरकारकै निर्णयबाट अघि बढेको आयोजना भएको बताएका छन् । बजेट विनियोजनदेखि जग्गा व्यवस्थापन र मन्त्रिपरिषद्को स्वीकृतिसम्मको प्रक्रिया पूरा भइसकेकाले आयोजना स्थानान्तरण स्वीकार्य नहुने उनको भनाइ थियो ।

आन्दोलन चर्किएपछि मन्त्री निशा मेहताले सामाजिक सञ्जालमार्फत ढल्केवरको ट्रमा सेन्टर योजना रद्द नगरिएको स्पष्ट पारेकी थिइन् । तर स्थानीयले संसद्मा व्यक्त गरिएको भनाइ र सामाजिक सञ्जालको स्पष्टीकरणबीच स्पष्टता नरहेको भन्दै लिखित रूपमा योजना यथावत् रहेको सुनिश्चित गर्न माग गर्दै आएका थिए ।

सोमबार सरकारले ढल्केवरमै बजेटसहित ट्रमा सेन्टर निर्माण गर्ने र सिरहाको प्रादेशिक अस्पतालमा ट्रमा सेन्टरसहितका सेवा सुविधा विस्तार गर्ने घोषणा गरे पनि स्थानीयहरु भने आन्दोलनबाट पछि हट्ने मुडमा देखिएका छैनन् । आन्दोलनकारीहरुले सरकारको बोली र व्यवहार विश्वास गर्ने योग्य नरहेको भन्दै आन्दोलनलाई तत्काल स्थगन बारे विचारविमर्श भइरहेको जनाएका छन् ।



# पुजारी हत्या आरोपमा दुईजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । केही समयअघि धनुषाको सबैला नगरपालिका वडा नं. १२ रघुनाथपुर स्थित रहेको हनुमान मन्दिरमा पूजाआजा गर्दै आएका पुजारी भनिएका व्यक्तिको हत्या आरोपमा धनुषा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

गत साउन १५ गते बिहान रघुनाथपुरको हनुमान मन्दिरमा बस्दै आएका धनुषा हँसपुरका बन्धु राउतलाई धारिलो हतियार प्रहार गरी हत्या गरिएको थियो । ती घटनाको अनुसन्धान धनुषा प्रहरीको डग टोलीले गरेको आधारमा



कारवाही प्रक्रिया अघि बढाइएको थियो। धनुषा प्रहरीले हत्या भएको सोही दिन एक जनालाई पक्राउ गरेको थियो । एक जनालाई बयानको आधारमा पक्राउ गरिएको धनुषा प्रहरीले जनाएको छ। हिन्दु मुस्लिम विवाद र तनाव चलिरहँदा बखत भएको हत्याले माहौल तताएको थियो। घटनापछि बनेको तनावग्रस्त माहौल धनुषा प्रहरीले तत्कालै साम्य पारेका थिए । पक्राउ परेकाहरुको नाम भने खुलाउन नमिल्ने धनुषा प्रहरीले जनाएको छ। घटना बारे अझै थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## जोखिमपूर्ण महेन्द्र राजमार्ग :

# तीन वर्षदेखि उस्तै, सम्बन्धित निकाय बेखबर

**सञ्जय मिश्रा**

रौतहट । पूर्व पश्चिम राजमार्ग अन्तर्गत बारा जिल्ला निजगढ-धन्सार खोला पुल नजिक सडकमा देखिएको क्षति करिब तीन वर्षदेखि क्रमशः बढ्दै जाँदा यात्रु तथा सवारी चालक जोखिममा पर्दै आएका छन् ।

दिनहुँ हजारौं सवारीसाधन आवतजावत गर्ने व्यस्त राजमार्गमा सडक भ्वाङ परेको तथा सडकको संरचना कमजोर बन्दै गएको अवस्थामा समेत समयमै मर्मत हुन नसकेको भन्दै स्थानीय तथा यात्रुहरूले सम्बन्धित निकायप्रति प्रश्न उठाएका छन् ।

यात्रु प्रितम कुमार मिश्रले सामाजिक सञ्जाल फेसबुकमार्फत उक्त सडकको तस्वीर सार्वजनिक गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। उनले सडकको क्षति आज-भोलिको नभई लामो समयदेखि क्रमशः बिग्रँदै गएको उल्लेख गर्दै तत्काल मर्मत गर्न माग गरेका छन् ।

**किन भएन मर्मत ?**

सडकमा सामान्य क्षति देखिएपछि त्यसलाई समयमै मर्मत गर्न सकिए ठूलो दुर्घटना रोक्न सकिन्छ। तर, मुख्य राजमार्गमै लामो समयसम्म सडकको



अवस्था जोखिमपूर्ण रहनुले सडक मर्मत तथा अनुगमनको जिम्मेवारी पाएका निकायको कार्यशैलीमाथि प्रश्न उठेको छ।

विशेषगरी वर्षायाममा पानी जम्ने, सडकको भित्री संरचनामा क्षति पुग्ने र सवारीसाधनको निरन्तर चापका कारण सडकको अवस्था थप बिग्रिन सक्ने जोखिम हुन्छ। समयमै प्राविधिक निरीक्षण र मर्मत नगरे सडकको क्षति अझ फैलिन सक्ने देखिन्छ।

महेन्द्र राजमार्ग देशको प्रमुख यातायात मार्गमध्ये एक हो। पूर्व-पश्चिम आवागमनका लागि अत्यन्त महत्वपूर्ण मानिने यो सडकमा सानो क्षतिले समेत ठूलो दुर्घटना निम्त्याउन सक्छ ।

रातिको समयमा सडकको क्षति स्पष्ट नदेखिँदा दुईपांग्रे सवारीसाधन, तीव्र गतिमा गुड्ने सवारी तथा भारी मालवाहक गाडी बढी जोखिममा पर्न सक्छन्। विशेषगरी अचानक सडकको कमजोर भागमा सवारी पर्दा दुर्घटनाको सम्भावना बढ्ने यात्रुहरूको भनाइ छ ।

त्यसैले सडक पूर्ण रूपमा बिग्रिएपछि वा दुर्घटना भएपछि मात्रै मर्मत गर्ने प्रवृत्तिभन्दा जोखिम पहिचान गरी समयमै मर्मत गर्ने प्रणाली आवश्यक रहेको स्थानीयको माग छ ।

**सम्बन्धित निकायलाई यात्रुको प्रश्न**

सडकको नियमित निरीक्षण, जोखिमयुक्त स्थानको पहिचान र आवश्यक मर्मतसम्भार गर्ने जिम्मेवारी सम्बन्धित सरकारी निकायको हो। तर, करिब तीन वर्षदेखि सडकको अवस्था बिग्रँदै गएको भनिए पनि प्रभावकारी रूपमा मर्मत हुन नसक्नुले जिम्मेवार निकायको अनुगमन प्रणालीमाथि प्रश्न उठाएको छ।

यात्रु प्रितम कुमार मिश्रले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको तस्वीरले पनि यही प्रश्नलाई सतहमा ल्याएको छ–'अझै कति वर्ष कुर्नुपर्ने हो ?'

सडकमा देखिएको क्षतिको तत्काल प्राविधिक निरीक्षण गरी जोखिमको अवस्था यकिन गर्नुपर्ने र आवश्यकताअनुसार मर्मत तथा पुनर्निर्माण गर्नुपर्ने देखिन्छ । सम्बन्धित निकायले दुर्घटना हुनुअघि नै सम्भावित जोखिम न्यूनीकरणतर्फ ध्यान दिनुपर्ने स्थानीय तथा यात्रुहरूको माग छ । सम्भावित दुर्घटनाको जिम्मेवारी कसले लिने भन्ने प्रश्न समेत पटक पटक उठदै आएको छ ।

# ट्र्याक्टर दुर्घटनामा १४ जना घाइते




**टुडे समाचारदाता**

लहान । सिरहाको कर्जन्हा नगरपालिका-२ बन्दीपुरमा बोलबम श्रद्धालु सवार ट्र्याक्टर दुर्घटना हुँदा १५ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

कर्जन्हास्थित उत्तरबाहिनी मन्दिरतर्फबाट बन्दीपुरस्थित महेन्द्र राजमार्गतर्फ आउँदै गरेको बोलबम श्रद्धालु भक्तजन सवार ज१त ४८०८ नम्बरको ट्र्याक्टर आइतवार साँझ ८:०० बजेतिर स्कुल गेटअगाडिको उकालोमा अनियन्त्रित भई पल्टिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिएका छन् ।

दुर्घटनामा परी धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१५ रामपुर टोल निवासी १३ वर्षीय अनुराग मण्डल, सोही ठाउँका १७ वर्षीय कृष्णा मण्डल, ४० वर्षीया गङ्गिया मण्डल, १८ वर्षीय राहुल दास, १३ वर्षीय प्रिन्स दास, १८ वर्षीय गोपाल यादव घाइते भएका छन् ।

यस्तै, ३३ वर्षीया मोनाकुमारी मण्डल, ५० वर्षीया चन्द्रकुमारी दास, ६० वर्षीय रामदुलारी दास, ४४ वर्षीया रामकुमारी दास, १७ वर्षीय पन्चा मण्डल, १७ वर्षीय आशिषकुमार यादव, १२ वर्षीया बिकी मण्डल, बिनाकुमारी मण्डल र १३ वर्षीय कृष्णाकुमार यादव घाइते भएको प्रहरी नायब उपरीक्षक पालले बताए ।

उनका अनुसार घाइतेमध्ये अनुराग मण्डलको अवस्था गम्भीर छ । घाइते सबैलाई तत्काल उद्धार गरी उपचारका लागि फूलकुमारी महतो मेमोरियल अस्पताल कर्जन्हा पठाइएको प्रहरीले जनाएको छ । घटनापश्चात ट्र्याक्टर चालक फरार रहेकाले खोजी भइरहेको छ ।

# करेन्ट लागेर एक युवकको मृत्यु

**टुडे समाचारदाता**

बारा । सोमवारी पूजा कार्यक्रमका लागि स्पिकरको एम्प्लिफायर जोड्ने क्रममा बाराको फेटा गाउँपालिकामा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा फेटा गाउँपालिका-७ कुकुरभुक्काका लक्ष्मी साह तेलीका १८ वर्षीय छोरा गणेश साह तेली रहेको जनाइएको छ ।

प्रहरीका अनुसार सोमबार दिउँसो करिब १२ बजे सोही स्थानका रुप नारायण साह कानुको घरमा शिवगुरुको पूजा आयोजना



गरिएको थियो। पूजामा भजन बजाउन स्थानीय महिलाहरूले सामूहिक रूपमा रकम संकलन गरी स्पिकर खरिद गरेका थिए ।

गणेशले उक्त स्पिकरको एम्प्लिफायरको तार विद्युत् बोर्डमा जोड्ने क्रममा अचानक करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका उनलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएको थियो ।

तर, अस्पतालमा दिउँसो १२ बजेर ३८ मिनेटमा भ्कन परीक्षण गर्दा चिकित्सकले गणेशलाई मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

घटनाको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय छतवाबाट प्रहरी सहायक निरीक्षक (सई) कृष्णनन्दन ठाकुरको कमान्डमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो ।

# डिजेका गाडीसहित दुईजना पक्राउ



**टुडे समाचारदाता**

मलंगवा । जिल्लाको शान्ति सुरक्षा व्यवस्थाको मध्य नजर गर्दै सर्लाही प्रहरीले प्रतिबन्धित डिजे बजाएर ध्वनि प्रदूषण फैलाउने कार्य गरेको आरोपमा डिजे बाजाका गाडी र दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले जारी गरेको प्रेस विज्ञप्तीमा नेपाल सरकार मन्त्रि परिषद्को निर्णय तथा जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समिति सर्लाहीको निर्णय विपरीत मानव स्वास्थ्यमा प्रतिकूल असर पुग्ने गरी ठूलो आवाजमा डिजे बजाइएको सूचनाका आधारमा प्रहरीले कारवाही गरेको भनिएको छ ।

प्रहरीले मलंगवा नगरपालिका-९, गोरखकालीबाट डिजे जडित बा. १५ च ४२ ९१ नम्वरको गाडी नियन्त्रणमा लिएको छ । प्रहरीले गाडीमा जडान गरिएका विभिन्न साउण्ड शिष्टमका सामग्री समेत नियन्त्रणमा लिएको जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

डिजे सहित नियन्त्रणमा लिनेमा हरिपुर नगरपालिका-७ का ५५ वर्षीय जोगेश्वर पण्डित (डिजे सञ्चालक) र बागमती नगरपालिका-४ का २३ वर्षीय जगन्नाथ साह (डिजे जडित गाडीका चालक) रहेको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले नियन्त्रणमा लिइएको योद्धा गाडी तथा डिजे सम्बन्धी सामग्री र व्यक्तिलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान भईरहेको उनले बताए । जिप्रका सर्लाहीले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा ध्वनि प्रदूषण गराउने गरी डिजे नबजाउन सम्बन्धित सबैलाई आग्रह गरेको छ ।

# मधेशका विभिन्न जिल्लामा ग्यास आपूर्तिको अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरुमा स्थानीय प्रशासनले ग्यासको आपूर्ति सहज बनाउन अनुगमन तीव्र पारेका छन् ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको नेतृत्वमा खटिएको टोलीले शनिबार साँझसम्म जिल्लाका १५ वटै स्थानीय तहमा रहेका ११७ वटा ग्यास डिपोको स्थलगत अनुगमन गरेको छ। त्यस क्रममा सबै डिपोमा मौज्दात रहेका २८ हजार ७४५ वटा ग्यास सिलिन्डरमध्ये २३ हजार ९३६ वटा खाली अवस्थामा फेला परेका थिए ।

भरिएका ग्याससहितका सिलिन्डरको सङ्ख्या भने जिल्लाभरमा एक हजार ३५३ वटा मात्रै पाइएको थियो । प्रशासनले सार्वजनिक गरेको अनुगमन प्रतिवेदन अनुसार भरिएका सिलिन्डर सबैभन्दा बढी सीमावर्ती समसी गाउँपालिकामा २८८ थान मौज्दात पाइएको छ ।

सबैभन्दा कम बर्दीबासमा १० वटा मात्रै ग्याससहितका सिलिन्डर भेटिएका थिए । प्रशासनका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा नेपाल, नारायणी, नोबेल, जगदम्बा, अम्बर, सुपर, प्रिमा, मनोज, कागमाया र लियोलगायतका ब्रान्डका खाना पकाउने ग्यास कारोबार हुँदै आएको छ ।

जिल्लाभर करिब एक महिनादेखि ग्यासको चरम अभाव



> आपूर्ति भएको ग्यास उचित तरिकाले वितरण गर्न व्यवसायीलाई सचेत गराइएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मनिभूषण साहले बताउनुभयो ।

देखिए पनि अनुगमनका क्रममा कालोबजारी भएको नपाइएको प्रशासनको निष्कर्ष छ। प्रमुख जिल्ला अधिकारी यादवले अनुगमनका क्रममा ग्यासको आपूर्ति तथा वितरणमा कुनै कैफियत नदेखिएको बताए ।

उनका अनुसार डिपोमा आपूर्ति भएको ग्यास उपभोक्ताले सहज रूपमा प्राप्त गरिरहेको पाइएको छ। केही उपभोक्ताले आफ्नो नियमित आवश्यकताभन्दा बढी ग्यास घरमै सञ्चय गरेर राख्ने प्रवृत्ति देखिएको अनुगमन टोलीमा सहभागी बर्दीबास नगरपालिकाका प्रतिनिधि पवनकुमार कार्कीले बताए ।

रौतहट जिल्लामा बजारमा ग्यासको अभाव देखिएपछि जिल्ला प्रशासन कार्यालयले ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित गर्न ग्यास डिलरमा नियमित अनुगमन सुरु गरेको छ। जनताको गुनासो आएपछि शनिबारदेखि जिल्लाका विभिन्न ग्यास डिलरमा अनुगमन सुरु गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी भुसाल नेतृत्वको टोलीले गौर, गरुडा तथा चन्द्रनिगाहपुर क्षेत्रका ग्यास डिलरमा छड्के अनुगमन गरेको जिल्ला प्रशासन कार्यालय रौतहटका नायब सुब्बा रामनरेश साहले बताए । जिल्लाका १७ वटा ग्यास डिलरमा अनुगमन गरिएको उनले जानकारी दिएका छन् ।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी भुसालले ग्यास आपूर्ति भएपछि उपभोक्तालाई पारदर्शी, व्यवस्थित र सहज रूपमा वितरण गर्न डिलरलाई निर्देशन दिनुभएको छ। आपूर्ति भएको ग्यास उचित तरिकाले वितरण गर्न व्यवसायीलाई सचेत गराइएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मनिभूषण साहले बताउनुभयो ।

यता सप्तरीका प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको नेतृत्वमा संयुक्त अनुगमन टोलीले पछिल्ला दुई दिनमा जिल्लाका विभिन्न स्थानमा रहेका ग्यास डिलर तथा सबडिलरको अनुगमन गरेको हो। अनुगमन टोलीले राजविराज, हनुमाननगर, भारदह, कञ्चनरूप, विष्णुपुर, राजगढ तथा शम्भुनाथस्थित ट्राफिक चोकलगायतका स्थानमा रहेका ग्यास विक्रेताको स्थलगत निरीक्षण गरेको छ। टोलीमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष राय, सप्तरी उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, सुरक्षाकर्मी तथा सम्बन्धित स्थानीय तहका प्रतिनिधिको सहभागिता रहेको थियो ।

अधिकांश विक्रेताले मूल्यसूची नराखेको, खरिदबिक्री खाता व्यवस्थित रूपमा नराखेको, राखिएका खाता पनि अद्यावधिक नगरेको तथा उपभोक्तालाई बिलबिजक जारी नगरेको पाइएको उनले जानकारी दिए ।

डिलरले माग गरे अनुसार कम्पनीले ग्यास उपलब्ध नगराउने, डिलरलाई तोकिएको कोटाभन्दा कम मात्रामा सिलिन्डर पठाउने तथा थोरै थोरै परिमाणमा ग्यास आपूर्ति गर्ने गरेका कारण वितरण प्रणाली प्रभावित भएको उनले बताए । सप्तरीको दुहबी, जमुनाह, इटहरी र विराटनगर लगायतका स्थानबाट विभिन्न कम्पनीका एलपी ग्यास ल्याएर बिक्रीवितरण हुँदै आएको छ ।

प्रशासनले ग्यास डिलर तथा विक्रेतालाई मूल्यसूची अनिवार्य रूपमा राख्न, खरिदबिक्रीको विवरण नियमित रूपमा अद्यावधिक गर्न तथा प्रत्येक कारोबारको बिलबिजक जारी गर्न निर्देशन दिएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आँटेका कामहरु उत्साहका साथ सम्पन्न हुनेछन् । |
| वृष : | वाणीमा मधुरता रहनेछ भने आर्थिक पक्ष सबल बन्दै जानेछ । |
| मिथुन : | चन्द्रमा आफ्नै राशिमा रहेकाले मनमा प्रसन्नता र उत्साह छाउनेछ । |
| कर्कट : | आज अलि खर्च बढ्न सक्ने भएकाले बजेट नियन्त्रणमा ध्यान दिनुहोला । |
| सिंह : | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । |
| कन्या : | कर्मक्षेत्रमा सफलता मिल्नेछ । |
| तुला : | भाग्यले साथ दिनेछ । रोकिएका कामहरु सहजै बन्नेछन् । |
| वृश्चिक : | आज अलि सतर्क रहनुहोला । स्वास्थ्यमा सामान्य समस्या देखिन सक्छ । |
| धनु : | व्यापार र व्यवसायमा राम्रो नाफा हुनेछ । |
| मकर : | प्रतिस्पर्धा वा परीक्षामा सफलता मिल्नेछ । |
| कुम्भ: | बौद्धिक क्षमताको विकास हुनेछ । अध्ययन अध्यापनमा मन जानेछ । |
| मीन: | पारिवारिक विषयलाई लिएर केही चिन्ता वा बहस हुन सक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कुष्माण्ड सरोवर त्रिवेणीधाम–धार्मिक पर्यटकीय गन्तव्य

बागमती । हेटौँडास्थित रत्नावती (राप्ती), कर्णावती (कर्रा) र कौषबाहिनी (कुखेनी)को त्रिवेणी यतिखेर कुष्माण्ड सरोवर त्रिवेणीधामका रूपमा चासो र चर्चा कमाएको छ । पहिला केबल अन्तिम संस्कारका लागि मात्र आउने गरिएको यो ठाउँ डेढ दशकको अन्तरालमा दिव्य धामका रूपमा परिणत भैसकेको छ ।

छोटो समयमा आमूल परिवर्तन भएको यहाँको विकास र परिवर्तन आज जुनसुकै ठाउँका लागि पनि अनुकरणीय बनेको छ । सत्य युगमा कुष्माण्डा भगवतीले यही ठाउँमा तपस्या गरी विष्णु भगवानबाट सिद्धी प्राप्त गरेको धार्मिक विश्वास रही आएको कुष्माण्डा भगवती मन्दिरका पुजारी कृष्णप्रसाद बरालले जानकारी दिनुभयो ।

पछिल्ला वर्षमा यस तीर्थस्थलमा विभिन्न विशेष चाडपर्व, तिथिमितिका साथै हरेक वर्षको कात्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी)मा हजारौँको संख्यामा दर्शनार्थी आउने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार हेटौंडा आसपासका दर्शनार्थीसँगै बारा, पर्सा, रौतहट, पोखरा, काठमाडौं, चितवनलगायतका स्थानबाट दर्शनार्थीहरू आउने गरेका छन् ।

कात्तिक शुक्ल नवमीका दिन यहाँ कुभिण्डो दान गरिने बताउँदै उहाँले केही वर्ष अघिसम्म उक्त दिन झण्डै सात सयसम्म कुभिण्डो चढाउने गरिएको जानकारी दिनुभयो । उक्त दिनमा यहाँ आएर कुभिण्डो दान गरेमा पुण्य प्राप्त हुने जनविश्वास रहेको उहाँले बताउनुभयो । यो क्षेत्र विगतमा केवल अन्तिम संस्कारका लागि मात्र आउने स्थल रहेकामा पछिल्लो डेढ दशकको निरन्तरको प्रयासले यो दिव्य धाममा परिणत बनेको कुष्माण्ड सरोवर त्रिवेणी धाम व्यवस्थापन समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

धाम निर्माणका लागि न्यौपानेको निरन्तरको लगाव र समर्पणसँगै स्थानीयवासी र राज्यका विभिन्न तह र निकायको योगदान रही आएको छ । २०४९ सालमा हेटौंडा-९ को वडा सदस्य तथा २०५४ मा वडाध्यक्षको जिम्मेवारी सम्हालेका न्यौपानेलाई यस ठाउँमा केही काम गर्नुपर्छ भन्ने सोच जागेसँगै उहाँको निरन्तरको नेतृत्वदायी भूमिकाबाट यो स्थल दिव्य धामका रूपमा परिणत बनेको यहाँका स्थानीयवासी बताउँछन् ।

यो धाम धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यताको समेत सङ्गम भएको बताउँदै न्यौपानेले पूर्वाधार विकासका साथै यहाँ धार्मिक महत्वलाई उजागर गरी देशकै प्रमुख धार्मिक पर्यटकीय तीर्थस्थलका रूपमा विकास गर्ने योजना राखिएको बताउनुभयो । यस तीर्थस्थलमा आइसकेपछि भक्तजनहरू यहाँ रहेका १०८ वटा गाईको मुखबाट झरिरहेका धारा (गौमुखी धारा) मा स्नान गरेर मात्रै यहाँको अन्य पूजा शुरु गर्दछन् । यो धाम निर्माण हुनुमा त्यस अघिका विभिन्न घटनाक्रमहरू यसको पृष्ठभूमिका रूपमा जोडिएको उहाँको भनाइ छ ।



उहाँका अनुसार २०४५ सालमा हेटौंडाको क्याम्पा डाँडामा योगी नरहरिनाथले कोटिहोम लगाउने क्रममा यस स्थानको महत्व बारे चर्चा गर्नुभएको थियो । त्यसयता विभिन्न धार्मिक तथा सामाजिक व्यक्तिहरूको सुझाव तथा सल्लाहअनुरुप हाल रहेको स्थान पहिचान गरी २०६७ जेठ ५ गते तत्कालीन पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा माधवप्रसाद भट्टराईबाट यहाँस्थित १०८ गौमुखी धाराको शिलान्यास गरिएको उहाँले बताउनुभयो । सोही वर्ष कात्तिक २९ गते कात्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी) का दिन १०८ धारामा पानी ल्याइएको थियो । शुरुमा प्लाष्टिकका पाइपको धाराबाट जलप्रवाह गराइएकामा पछि तिनै स्थानमा आकर्षक गौमुख तयार गरी २०६७ माघ १ गतेदेखि गौमुखी धाराबाट जलप्रवाह गराउँदै स्नानको व्यवस्था गराइएको थियो ।

विसं २०६७ असोज २२ गते घटस्थापनाका दिन कुष्माण्ड भगवती स्थापना र नवरात्रि पूजा तथा जमरा राखेर सुरुवात गगरिएकोमा २०७० सालमा भगवती मन्दिरको निर्माण कार्य सम्पन्न भएको थियो । यस धामकै कारण यहाँ नदी आसपासको हजार मिटरभन्दा बढी क्षेत्र तटबन्धन भइसकेको छ । यस धाममा हाल शिवालय, यज्ञकुण्ड, नागस्थान, स्वचालित बुद्ध दर्शन स्थल, हेडम्बा नगरीको इतिहास झल्काउने संरचना, सङ्ग्रहालय, फूल बगैँचा, वृत्तचित्र प्रदर्शनस्थल, मनोरेल आदि रहेका छन् ।

त्रिवेणीधामको महिमा स्कन्दपुराणको हिमवत् खण्ड, महाभारतको आदि पर्व र वन पर्व, वराह तथा वायु पुराणहरूमा उल्लेख गरिएको छ । कुष्माण्ड नवमीको दिन यहाँ स्नान गरी कुभिन्डो दान गर्नका लागि हेटौंडालगायत बाहिरका अन्य जिल्लाबाट दर्शनार्थीहरू आउने गर्दछन् । यहाँ १०८ धारामा स्नान गरी कुभिण्डो दान गरेमा पुण्य प्राप्त हुने जनविश्वास रहीआएको छ । द्वापरयुगको अन्त्यतिर पाण्डवहरू गुप्तवास बस्ने क्रममा यही त्रिवेणीमा स्नान गरेको स्कन्द पुराणमा उल्लेख गरिएको छ । अम्वऋष राजाले भगवान विष्णुको आज्ञाले १०८ धारामा स्नान गरी सन्तान लाभ भएकोलगायत रोग निदान भएको धर्मशास्त्रमा उल्लेख हुनुले पनि यहाँको धार्मिक महत्वलाई अझै उजागर गरेको न्यौपानेको भनाइ छ । यस पौराणिक मान्यताका आधारमा यहाँ हरेक वर्ष मकरमेला लाग्ने गरेको बुढापाका बताउँछन् ।

पाण्डवहरूले स्नान, सन्ध्या, तर्पण, दान आदि गरी देवीदेवताको आराधना गरेको धार्मिक विश्वाससँगै माता कुष्माण्ड भगवतीले तपस्या गरी सिद्धी प्राप्त गरेको आदि धार्मिक मान्यता र विश्वासले पनि यहाँको महिमा र गरिमा अझै चुलिएको हो । २०५०/५१ साल अघिसम्म गाईवस्तु चराउन आउने मानिसहरू पनि यहाँ मसान लाग्ने भन्दै सतर्क भएर आवतजावत गर्ने गर्दथे ।

अभियन्ता न्यौपानेको निरन्तरको लगावसँगै सङ्घ, प्रदेश र स्थानीय तहको सहयोग र दाताहरूको साथ र सहयोगले यो क्षेत्र वर्तमानमा दिव्य धामका रूपमा परिणत भएको हो । पछिल्ला डेढ दशकमा सङ्घ, प्रदेश र स्थानीय तह सबैको साथ र सहयोगमा यस धामको विकासको गति अघि बढेको हेटौंडा उपमहानगरपालिका-९ का वडाध्यक्ष सुकराम केसीले बताउनुभयो । धाम नजिकै रहेको कर्रा खोलामा पुल नहुँदा दर्शनार्थीहरू समस्यामा परिरहेको अवस्थालाई दृष्टिगत गर्दै यसै वर्ष उक्त स्थानमा पुल निर्माण गर्ने गरी तयारी भैरहेको उहाँले बताउनुभयो । "यस स्थललाई महत्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य बनाउने सोचका साथ सबैको साथ र सहयोग एवम् सहकार्यमा कामहरू अघि बढेका छन्", उहाँले भन्नुभयो ।

यस धाममा कलात्मक १०८ गौमुखी धारासँगै निर्मित कुष्माण्ड सरोवरमा बोटिङ, सिसमहल पार्क आदि प्रमुख आकर्षण हुन् । यहाँ हेटौंडाको स्थापनाकालीन इतिहास झल्काउने हेडम्बा नगरीको आकृति निर्माण गरिएको छ । यहाँ हेटौंडा नामकरणसँग प्रत्यक्ष जोडिएको इतिहास बुझाउने गरी पाँच पाण्डवको आकृतिसहित हिडम्बालाई भीमसेनले आक्रमण गरिरहेको कलात्मक स्वरुप निर्माण गरिएको छ ।

त्यस्तै पार्कको भित्री भागमा अवस्थित सिसमहल यहाँको अर्को आकर्षणको केन्द्र हो । सिसमहलमा पाण्डव दाजुभाईले भगवतीलाई परिक्रमा गरिरहेको देख्न सकिन्छ । पार्क परिसरमा नै रहेको भवनभित्र देशका विभिन्न स्थानमा रहेका मन्दिर तथा त्यहाँका मूर्तिहरू झल्काउने गरी निर्माण गरिएका संरचनाले यहाँ आउने जो कोहीलाई लोभ्याउँछ ।

यहाँभित्र डडेल्धुराको घटोत्कच मन्दिर, मकवापुरको वंशी गोपाल मन्दिर, चुरियामाई, भुटनदेवी, सुनसरीको बराह क्षेत्र, देलखाका भीमसेन, काभ्रेका पलाञ्चोक भगवती, काठमाडौँको दक्षिणकाली, स्वयम्भू, बुढानीलकण्ठ, पशुपतिनाथ, लुम्बिनीको मायादेवी, मुस्ताङको मुक्तिनाथ, तनहुँको देवघाट, बाजुराको बडिमालिका, प्युठानको स्वर्गद्वारी, ताप्लेजुङको पाथिभरा, बाराको गढीमाई आदि मन्दिर तथा मूर्तिहरू राखिएको पाइन्छ । यसैको भित्री भागमा नेपालको नक्सा बोकेको नेपाल धर्तीमाताको मूर्ति यहाँका प्रमुख आकर्षणहरू हुन् । त्यस्तै परिसरमा नै हेटौंडा उत्पत्ति, महत्व, पाँच पाण्डव सन्दर्भको इतिहास समेटेर वृत्तचित्र बनाइएको छ भने बुद्धको स्वचालित आकर्षक मूर्ति राखिएको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा पार्क क्षेत्रमा बालबालिकाका लागि मनोरेल पनि तयार भैसकेको छ ।

धामको दिगो सञ्चालनलाई लक्षित गरी अक्षयकोष स्थापना गरिएको उहाँले जानकारी दिनुभयो । २०७० माघमा बालसन्त मोहनशरणले दिनुभएको एक हजार १०० रुपैयाँबाट अक्षयकोष स्थापना सुरु गरिएको जानकारी दिदै उहाँले त्यसयता हालसम्म कोषमा ५० लाख रुपैयाँ जम्मा भैसकेको जानकारी दिनुभयो । मन्दिर तथा परिसरको व्यवस्थापनका लागि १० जना कर्मचारी नियमित खटिरहेको र उनीहरूको सेवा सुविधा तथा कार्यालयको व्यवस्थापन समेत गरी मासिक दुई लाख रुपैयाँ खर्च लाग्ने गरेको उहाँले जानकारी दिनुभयो ।

धामभित्र राहिएको सिस महल, स्वचालित बुद्धको मूर्ति, नेपाल धर्तीमाताको मूर्तिसहितका विभिन्न मूर्तिहरू अवलोकन गर्नका लागि ६० रुपैयाँ टिकट दस्तुर लिने गरिएको छ । हालै निर्माण सम्पन्न भएको बालबालिकाको विद्युतीय मनोरेलका लागि थप ६० रुपैयाँ टिकट दस्तुर निर्धारण गरिएको छ । धामभित्रका विभिन्न पूर्वाधार निर्माणका लागि हालसम्म करिब छ करोड रुपैयाँ खर्च भैसकेको उहाँले बताउनुभयो । धामको दिगो सञ्चालनसँगै यहाँ गुरुकुल स्थापना गर्ने सोच समेत राखिएको उहाँको भनाइ छ । रासस

## हात्ती र गोही प्रजनन् केन्द्रमा निशुल्क प्रवेश

चितवन । चितवन राष्ट्रिय निकुञ्जको खोरसोरस्थित हात्ती प्रजनन केन्द्र र कसरामा रहेको गोही प्रजनन केन्द्रमा पर्यटकका लागि निःशुल्क प्रवेश सुविधा प्रदान गरिने भएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले सङ्कलन गर्दै आएको शुल्क साउन ४ गतेदेखि लागू हुनेगरी हटाएपछि आन्तरिक तथा बाह्य पर्यटकका लागि अवलोकन शुल्क हटाइएको हो । यहाँ अवलोकनमा आउने विदेशीलाई रु १००, स्वदेशी पर्यटकलाई रु ५० र विद्यार्थीका लागि रु ३० प्रवेश शुल्क तोकिएको थियो ।

सौराहा आउने पर्यटक प्रजनन केन्द्र अवलोकन गर्न रुचाउने गर्दछन् । सौराहाको हात्ती प्रजनन केन्द्रबाट रु करिब रु ७० लाख र गोही प्रजनन केन्द्रबाट करिव रु ४० लाख प्रवेश शुल्क असुली हुने गरेको थियो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत दिलबहादुर पुर्जा पुनले निकुञ्जले शुल्क लिन नियमावलीले नदिएको र ट्रष्टमार्फत शुल्क असुल गर्दा अफ्ठ्यारो हुन सक्ने भएकाले हालका लागि शुल्क हटाइएको जानकारी दिनुभयो । हात्ती प्रजनन केन्द्रमा पर्यटकले हात्तीको रहनसहन, स्याहारसुसारका बारेमा ज्ञान लिनाका साथै माउ र बच्चा खेलेको दृश्यमा रमाउने गर्छन् ।

प्रजनन केन्द्रका प्रमुख मनपुरन चौधरीले यहाँ दैनिक झन्डै ४०० पर्यटक अवलोकनका लागि आउने गरेको बताउनुहुन्छ । विसं २०४४ मा स्थापना भएको उक्त केन्द्रमा अहिलेसम्म ६९ वटा छावा जन्मिएका छन् । भारतबाट चारवटा र थाइल्यान्डबाट एउटा गरी पाँचवटा हात्तीबाट हात्ती प्रजनन केन्द्र स्थापना गरिएको थियो । रासस

# पशुपतिनाथमा दर्शनार्थीको ओइरो

काठमाण्डु । साउनको अन्तिम सोमबार बिहानैदेखि पशुपतिनाथलगायत देशभरका शिवालयमा दर्शनार्थीको घुइँचो लागेको छ । यहाँ झमझम पानी परिरहेको छ तर शिवभक्तहरू लामबद्ध भएर मन्दिरभित्र प्रवेश गरिरहेका छन् ।

बिहान ३:०० बजेदेखि नै पशुपतिनाथ मन्दिरका चारै ढोका खोलिएको पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का सदस्य केदारमान भण्डारीले राससलाई जानकारी दिनुभयो । पशुपति प्रस्थान मार्ग गौशाला, जयवागीश्वरी, मित्र उद्यान, चाबहिल, मैजुबहाल, चुच्चेपाटी, कुमारीगाल, वाग्मती करिडोर, गुह्येश्वरी, मृगस्थली, गौरीनगर, पिङ्गलास्थान र आसपासबाट पनि भक्तजन पशुपतितर्फ जानेक्रम जारी छ । गौरीनगरसम्म लामो लाम पनि लागेको छ ।



यस अवसरमा पशुपतिनाथको दर्शनमा आउने श्रद्धालु भक्तजनको सहज, सुरक्षित तथा व्यवस्थित दर्शन एवं विशेष पूजा व्यवस्थापनको प्रबन्ध मिलाइएको छ । बिहानैदेखि सुन्दरीजलबाट जल ल्याएर पशुपतिनाथमा चढाउने भक्तजनको पनि लाम लागेको छ ।

दर्शन व्यवस्थापनलाई थप प्रभावकारी, सुरक्षित र व्यवस्थित बनाउन कोषका सबै पदाधिकारी तथा कर्मचारीका साथै मन्दिर पहरा गण, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, ट्राफिक प्रहरी, काठमाडौँ महानगर प्रहरी तथा विभिन्न धार्मिक एवं सामाजिक सङ्घ-संस्थाको विशेष सेवा तथा सहभागिता रहेको छ । सवारी आवागमन व्यवस्थित गर्न गौशाला, जयवागीश्वरी, सिफल, मित्र उद्यान, चाबहिल र गौरीनगरमा ट्राफिक प्रहरीको बाक्लो उपस्थिति छ ।

बिहान ३:०० बजेदेखि खुलेका मन्दिरका चार ढोका बेलुका आरतीपछि राति ८:०० बजेसम्म खुला रहने छ । विशेष पूजा बिहान ८:३० बजेदेखि मध्याह्न १२:०० बजेसम्म मात्र हुने जनाइएको छ ।

मन्दिर प्रवेशका लागि चारतिरबाट लामको व्यवस्था गरिएको छ । बिहानैदेखि भक्तजन आए पनि लामो समयसम्म लाममा बस्नुपर्ने अवस्था नरहेको कोषले जनाएको छ ।

यसैगरी, पशुपति क्षेत्रमा दर्शनार्थीका लागि प्राथमिक उपचारलगायत अत्यावश्यक सबै व्यवस्था पनि गरिएको छ । विभिन्न सङ्घ-संस्थाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेका छन् ।

यहाँका प्रसिद्ध शिवालय गोकर्णेश्वर, नागेश्वर, डोलेश्वर, वसन्तपुर दरबार क्षेत्रको 'सानोपशुपतिनाथ' भनेर चिनिने मक्खन महादेवलगायत ठूला-साना सबै शिव मन्दिरमा पनि बिहानैदेखि भक्तजनको लाम लागेको रासस प्रतिनिधिहरूले जनाइएका छन् । रासस

## प्राचीन धर्मग्रन्थ सङ्कलन गर्दै धार्मिक पुस्तकालय

बागमती । हेटौँडा उपमहानगरपालिका-१० स्थित गोरक्षेश्वर दिव्यधाम, राप्तीघाटस्थित संस्कृत वेद विद्यालयमा अवस्थित पुस्तकालयमा प्राचीन धर्मग्रन्थ सङ्कलनलाई अभियानका रूपमा अघि बढाइने भएको छ ।

विक्रम संवत् २०५६ मा विद्यालय स्थापना भएदेखि नै विद्यार्थीका लागि अत्यावश्यक पुस्तक सङ्कलनबाट सुरु गरिएको पुस्तकालयलाई थप व्यवस्थित गर्दै प्राचीन महत्वका धार्मिक पुस्तक सङ्कलन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो ।

पुस्तकालयमा हाल करिब २५० को सङ्ख्यामा मात्रै पुस्तक सङ्कलित भएको बताउँदै उहाँले प्राचीन महत्वका धार्मिक पुस्तक उपलब्ध गराउन सबैमा आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार पुस्तकालयलाई व्यवस्थित बनाउनका लागि बागमती प्रदेशको पर्यटन मन्त्रालयले गत आर्थिक वर्ष २०८१/०८२ मा रु दुई लाख उपलब्ध गराएको थियो ।

"हामी पुस्तकालयलाई प्राचीन धर्मग्रन्थ सङ्कलन गरी अध्ययन अनुसन्धानको केन्द्रका रूपमा विकास गर्न चाहन्छौँ," उहाँले भन्नुभयो, "कोही कसैसँग घरमा यसै थन्किएर रहेका प्राचीन महत्वका धर्मग्रन्थ छन् भने पुस्तकालयलाई सहयोगस्वरुप उपलब्ध गराउन अनुरोध छ ।"रासस

# देशका विभिन्न स्थानमा सडक अवरुद्ध, यातायात प्रभावित

काठमाण्डु । अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा पहिरो खसेको छ भने केही स्थानमा नदीनालाले कटान गर्दा प्रमुख राजमार्ग तथा सडकखण्ड अवरुद्ध भएका छन् ।

प्रहरी प्रधानकार्यालयले आज बिहान ६:०० बजेसम्मको विवरण सार्वजनिक गर्दै काभ्रे, सिन्धुपाल्चोक, इलाम, रसुवा, रुकुम पश्चिम र लमजुङका विभिन्न सडकखण्डमा यातायात प्रभावित भएको जनाएको छ ।

काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-९ पिन्थली, नार्केस्थित बिपी राजमार्गमा आज बिहान ४:०० बजे वर्षाका कारण माथिबाट लेदोसहितको पहिरो खस्दा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ ।

यसैगरी, खुर्कोट-नेपालथोक-कटुन्जेबैंसी-सिन्धुली चल्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत साँझ १८:०० देखि बिहान ४:०० बजेसम्म सम्पूर्ण सवारी साधन आवागमन रोक लगाइएको छ । बिहान ४:०० देखि बेलुका १८:०० बजेसम्म भने सवारी साधन सञ्चालन हुने व्यवस्था गरिएको छ ।

मकवानपुरको कान्ति लोकपथमा वर्षाका कारण राति सबै प्रकारका सवारी साधनको चलाउन रोक लगाइएको छ । उक्त सडकखण्डमा बेलुका १७:०० देखि बिहान ५:०० बजेसम्म सवारी सञ्चालनमा रोक लगाइएको जनाइएको छ ।



इलाम नगरपालिका-९ राजदुवालीमा हिलो जमेकाले मेची राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा वैकल्पिक सडक प्रयोग गर्न प्रहरीले सम्बद्ध सबैलाई अनुरोध गरेको छ ।

सिन्धुपाल्चोकको अरनिको राजमार्गअन्तर्गतभोटेकोशीगाउँपालिका-४ जिरोकिलोमा सडक पहिरो खस्दा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । भोटेकोशी गाउँपालिका-२ कोदारीको इकु पहिरोले यहाँ पनि यातायात सेवा प्रभावित भएको छ । सोही गाउँपालिका-२ लिपिङमा सडक भासिएपछि अरनिको राजमार्ग पनि अवरुद्ध भएको छ ।

यसैगरी, आज बिहान ५:०० बजे चौतारा साँगाचोकगढी नगरपालिका-९ डुम्रेमा पहिरो खस्दा अरनिको राजमार्ग पनि पूर्ण रूपमा अवरुद्ध भएको छ । रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्टेमा त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी कच्ची सडक त्रिशूली नदीले कटान गरेपछि उक्त सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-६ रिजेगार्ड खोला नजिक भेरी करिडोरको जाजरकोट-डोल्पा सडकखण्ड पनि पहिरोका कारण वरुद्ध भएको छ ।

लमजुङको मध्यनेपाल नगरपालिका-१० बिमिरेभन्ज्याङ आसपास मध्यपहाडी लोकमार्गमा गए राति पहिरो खस्दा सडक पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त स्थानमा वैकल्पिक सडक प्रयोग गर्न प्रहरीले यात्रीलाई आग्रह गरेको छ ।

प्रहरी प्रधानकार्यालयका अनुसार अवरुद्ध सडक खुलाउने तथा यातायात सञ्चालनमा ल्याउने प्रयास भइरहेको छ ।रासस


## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### देउरी परवाहा, धनुषा
### मधेश प्रदेश, नेपाल

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सुचना

(सूचना प्रकाशित मिति २०८३।०४।२६)

औरही गाउँपालिका धनुषाको लागि तपसिलको पदहरूमा देहायको संख्या र योग्यता भएको कर्मचारी सेवा करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा दरखास्त वापतको राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन फाराम, कार्यविवरण, सेवाका सर्तहरू सहितको विस्तृत विवरण कार्यालयबाट वा Website: www.aurahimundhanusha.gov.np बाट उपलब्ध हुनेछ ।

**तपशिलः**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८३/०८४ | सूचना प्रविधि अधिकृत | स्थानिय सेवाको सातौ तह सरह | १ |
| २ | ०२/०८३/०८४ | कृषि स्नातक | स्थानिय सेवाको छैटौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव :-**

**क. सुचना प्रविधि अधिकृत.**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कम्प्युटर ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रोनिक्स ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स ईन्जिनियरिङमा स्नातक वा ईलेक्ट्रोनिक्स र कम्यूनिकेसन ईन्जिनियरिङमास्नातकवाप्रमुखबिषयकम्प्यूटरसाईन्सलिईस्नातक(BIT/BIM/BBIS/BCA/BCIS/BEIT/BSC CSIT) उतिर्ण गरेको ।
- **उमेरः**– दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- अनुभवको हकमा तोकिएको शैक्षिक योग्यता हाँसिल गरि सम्बद्ध कार्यमा कार्यको अनुभव भएको ।
- अन्य प्रचलित कानुन अनुसार अयोग्य नभएको ।

**ख. कृषि स्नातक**

- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको ।
- उमेरः- २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- अनुभवको हकमा तोकिएको शैक्षिक योग्यता हासिल गरि सम्बद्ध कार्यमा कार्यको अनुभव भएको ।
- अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थान** :- औरही गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, देउरी परवाहा धनुषा ।

**३. दरखास्त दिने अन्तिम मिति** :- २०८३।०५।०९ गते ५ बजे सम्म ।

**४. आवेदनको दस्तुर** :- रु. १,०००/-

**५. छनोटको किसिम** :- सक्षिप्त सुचि, लिखित परीक्षा र अन्तरवार्ता । (सुचना प्रविधि अधिकृतको हकमा थप सिप परिक्षण)


**६. आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरू :-**

- उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- पासपोर्ट साइजको ३ प्रति फोटो
- पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ।

**७. सेवा सुविधा तथा अन्य :-**

- कृषि स्नातकको हकमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- सुचना प्रविधि अधिकृतको हकमा स्थानिय तहमा सुचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि- २०८२ मा व्यबस्था भए बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सरकार गम्भीर भएन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दलका नेतासमेत रहेका प्रधानमन्त्री बालेन्द्र साह(बालेन) को निर्णयहरु एकपछि अर्को गम्भीर विवादमा पर्न थालेको छ । सरकारले कयौं पटक गरेको निर्णय अत्यन्त विवादित बनेको छ । केही निर्णयहरु फिर्ता लिनुपर्ने अवस्था समेत सृजना भएको छ । सरकारले पछिल्लो पटक निर्णय गरी सबै अवैध लिखतहरु (तमसुक) लाई बदर गर्ने निर्णय झन् विवादमा परेको छ । ऋण लिएर भुक्तानी समेत नगरेका तमसुकहरुलाई सरकारले रद्द गर्दा त्यसको परिणाम बारे विचार गरेको देखिदैन । सहकारीको सम्पत्ति डुबाए जस्तै महाजनको रकम डुबाउँदा त्यसले पार्ने नकारात्मक प्रभावको विषयमा समेत सरकारले गम्भीरपूर्वक बुझ्न आवश्यक छ । मिटर ब्याजी आजको दिनमा बैंक भन्दा ठूलो कोही छैन । तर सरकारले बैंकको मिटरब्याज असुल गर्न सम्पूर्ण राज्य संयन्त्रलाई परिचालन गर्छ । १५ वर्षको किस्ताबन्दी ऋण लिने ऋणीहरुले तीन वर्षमै रकम भुक्तानी गर्दा १५ वर्षको ब्याज भुक्तानी गर्न लगाइन्छ । त्यसलाई सुधार गर्न सरकारको ध्यान छैन । तर कोही अस्पतालमा उपचार गराउँदा, कोही बच्चालाई रोजगारीका लागि विदेश पठाउँदा, कोही चेलीबेटीको विवाहका लागि, कोही घर जग्गा जोड्नका लागि स्थानीय साहुहरुसित ऋण लिने गर्थे । त्यो पनि बन्द भएको झण्डै चार वर्ष भइसक्यो । ग्रामिण भेगमा मात्र नभइ सहरी भेगमा समेत समाजिक स्तरमा हुने व्यक्तिगत लेनदेन बन्द भएको छ । आर्थिक अभावको कारण कतिपय सामाजिक व्यवहार हुन सकिरहेको छैन । सामाजिक संरचनामा आर्थिक समस्याले गम्भीर असर पारेको छ । सरकारको निर्णयले सामाजिक संरचनामा असर परेको छ । मासिक रुपमा आम्दानी गर्ने तर महाजनसित ऋण काढेर जग्गा जमिन जोड्ने र विस्तारै ब्याज बुझाउने समान्य आय भएकाहरुको जग्गा खरिद गर्ने सपना चुर भएको छ । मध्यमवर्गीयहरुको अवस्थामा नकारात्मक असर परेको छ । तमसुक बदर गर्ने निर्णयले हजारौं महाजनहरुको रकम डुब्ने भएको छ । आफ्नो निजी सम्पत्तिबाट ऋण दिएकोहरुको रुपैयाँ डुबे त्यसबाट सयौं मानिस विक्षिप्त हुन थालेका छन् । वर्षौ पूर्व जग्गा खरिद गरेकाहरु उपर पनि जर्वजस्ती जग्गा पास गराएको उजुरी परेको छ । त्यसमाथि कारबाही थालिएको छ । सरकारले त्यस्ता जग्गाहरु फिर्ता गराउन लालपूर्जा बदरको निर्णय गरे गृहयुद्ध हुन सक्छ । हरेका मानिसले आफ्नो जग्गा फिर्ता लिन चाहने छन् । त्यसबाट देशमा नै ठूलो द्वन्द्व निम्तिन सक्ने उच्च जोखिम छ । सरकारले लिने हरेक निर्णयको गम्भीरताप्रति विचार गर्न आवश्यक छ । मध्यराति हुने निर्णयले समग्रमा देशलाई ठूलो क्षति गर्नेछ ।सरकारले गर्ने निर्णय कहिलै एकतर्फी हुनु हुँदैन । ऋण नतिर्दा महाजन पीडित हुने यथार्थलाई सरकारले बुझ्नु पर्छ । मुलुकी ऐनमा रहेको व्यवस्था अनुसार भएको कपाली तमसुकलाई सरकारले बदर गर्नु भन्दा ऋणी र महाजनबीच सहमतिको प्रयास गराइ लेनदेन मिलाउन देशभरि अधिकार सम्पन्न संयन्त्र बनाउन उपयुक्त होला ।

# एआईको जुवामा हारिरहेको संसार, बेखबर नेपाल !



जीवन क्षेत्री

अहिले इन्टरनेटमा एक खाले विज्ञापनहरूको बिगबिगी छ– केही दिन वा सातामा एआई सम्बन्धी मास्टरक्लास वा कोर्सहरू लिनुस् र अरूलाई उछिन्नुस्। ती कोर्समध्ये कुन कति उपयोगी भनेर तुलना गर्ने अर्का खाले भिडिओहरू पनि प्रशस्तै पाइन्छन् युट्युबमा।

जो एआईको प्रयोगबारे अनभिज्ञ रहन्छ, ऊ भोलिको श्रम बजारबाट विस्थापित भएर बेरोजगार हुन्छ भनेर त विज्ञापन नगर्ने विज्ञ र विश्लेषकहरूले पनि निरन्तर भन्दै आएका छन्।

एआईले मानव जातिलाई जुन युगमा प्रवेश गराउँदैछ, त्यसमा केही एआई टुल प्रयोग गर्न जान्दैमा अघि बढ्न सकिन्छ त?

फेरि अरूलाई उछिन्ने भन्ने कुरा व्यक्तिगत जीवनमा त उपयोगी होला। तर समाज र देशको स्वार्थ हेर्नुपर्ने नीति निर्माताहरूले त अघि बढ्ने र पछि छुट्ने सबैको स्वार्थमा काम गर्नुपर्ने हो।

यी अहिलेको समाजमा निरन्तर बहस हुनुपर्ने र देशका नीति निर्माताहरूको चिन्ताको अग्रभागमा हुनुपर्ने प्रश्नहरू हुन्। संसारभरि अनेक रूपमा यो बहस चलिरहेको पनि छ। खास गरी एआईले व्यापक बेरोजगारी सिर्जना गरेर सामाजिक विखण्डनको अवस्था निम्त्यायो भने के गर्ने भन्नेमा धेरैको चासो र चिन्ता छ।

हामीले चाहे पनि वा नचाहे पनि सिंगो विश्व अर्थतन्त्रसँगै नेपालको अर्थतन्त्र पनि अब एआई युगमा प्रवेश गर्दैछ।

दुई कारणले नेपाल अरू धेरै देशहरूभन्दा एआई क्रान्तिका दुष्परिणामहरूको बढी जोखिममा छ। एक त हाम्रो आर्थिक अवस्था अहिले नै पिछडिएको छ। देशमा रोजगारी सिर्जनाको अवस्था दयनीय छ। विदेशमा गएर नेपालीले गर्ने श्रमको आधाजसो काम मात्रै मेसिनले खोसेर दसौं लाख युवा देश फर्किने हो भने देशमा आर्थिक र सामाजिक विघटनको एउटा कारण त्यो बन्न सक्नेछ। दुई, शक्तिशाली एआई बनेर मानिसको काम खोस्न थाले भने स्वभावतः आर्थिक वृद्धि र समृद्धिको इन्जिन एआई हुने निश्चित छ। जुन देशले शक्तिशाली एआई मोडलहरू बनाउँछन् र तिनको सेवा बेच्छन्, अबको आर्थिक वृद्धि तिनै देशमा केन्द्रित हुनेछ। विश्वबजारमा श्रमबाहेक लगभग केही नबेच्ने नेपाल त्यो अवस्थामा शक्तिशाली मेसिनले दिने कुनै पनि आर्थिक लाभबाट वञ्चित हुन सक्नेछ।

विडम्बना के छ भने हामी नेपालीहरू कुनै पनि विपत्तिसित जुध्न समयमै तयारी नगर्ने अनि विपत्तिले क्षति गरिसकेपछि अलापविलाप र तमासा गर्ने प्रवृत्तिबाट ग्रसित छौं।

धेरै देशहरूको नेतृत्वमा हुनेहरू अहिले एआई लगायतका मानव अस्तित्वलाई नै जोखिममा पार्न सक्ने जटिल मुद्दा कसरी सम्बोधन गर्ने भन्ने चिन्तामा छन् र विज्ञहरू जुटाएर भए पनि यो मुद्दा कसरी छिटो बुझ्ने भन्ने प्रयासमा छन्।

स्ट्यानफोर्ड विश्वविद्यालयको एआई इन्डेक्स रिपोर्टका अनुसार सन् २०२४ को अन्तसम्म एआई क्षेत्रमा विश्वव्यापी रूपमा १.६ ट्रिलियन (१६ खर्ब) अमेरिकी डलर लगानी भएको थियो। अमेरिकाको शोधकर्ता संस्था गार्टनरका अनुसार सन् २०२५ मा त्यो लगानी १.५ ट्रिलियन डलर थपिएर एकै वर्षमा झन्डै दोब्बर पुगेको थियो।

वर्ष २०२६ का लागि धेरै संस्थाहरूले एआईमा हुने लगानी २.५ ट्रिलियन डलर पुग्ने प्रक्षेपण गरिरहेका छन्।

यो भनेको कुनै पनि उद्योगमा इतिहासकै तीव्र र ठूलो लगानी हो।

अमेरिका र चीनजस्ता देशमा पुँजीपतिहरूले त्यति ठूलो सम्पत्ति लगाएर बनाएका उत्पादन तपाईं हामीले पनि कुनै न कुनै रूपमा प्रयोग गरिरहेका छौं। च्याट-जिपिटी सार्वजनिक भएयता धेरथोर एलएलएम (लार्ज ल्यांग्वेज मोडल) को प्रयोग अब व्यापक भइसकेको छ।

खास गरी गुगलले सर्चमा जेमिनाइ नामक च्याटबोटलाई समाहित गरेयता जेनेरेटिभ एआई प्रयोग नै नगर्ने इन्टरनेट प्रयोगकर्ता भेट्न गाह्रो छ।

खर्बौं डलर लगानी गरेर निर्माण भएका सेवा तपाईं हामीले धेरैजसो निःशुल्क लिएका छौं। जसको सशुल्क सबस्क्रिप्सन छ, त्यो शुल्कले पनि लगानी अनुसार प्रतिफल दिइरहेको छैन। त्यसैले अहिलेसम्म लगानीको दाँजोमा ठूला एआई कम्पनीहरूको आम्दानी धेरै कम छ। फलस्वरूप अहिले एआई कम्पनीहरू जसरी विकास भइरहेका छन्, त्यो दिगो छैन भन्ने विश्लेषकहरू प्रशस्तै भेटिन्छन्।

उसो भए एआई कम्पनीहरूले अर्बको आम्दानीका लागि खर्बको लगानी किन गरिरहेका छन् त?

यो प्रश्नको जबाफ खोतल्ने हो भने सिंगो एआई प्रविधि कसरी मानव सभ्यताका लागि एउटा हार्ने निश्चित भएको जुवाजस्तो बन्दैछ भन्ने प्रस्ट हुन्छ।

ठूला एआई कम्पनीहरूले तपाईं हामीलाई इमेल लेख्न छिटो होस् वा फेसबुकमा हाल्ने पोस्टर केही सेकेन्डमा तयार होस् भनेर खर्बौंको लगानी गरेका छैनन्। उनीहरूको निशानामा अहिले छ– १२४० खर्ब डलर बराबरको मानव श्रमको बजार।

भविष्यमा त्यसको आधा वा एक चौथाइ मात्रै हिस्सा मानिसबाट खोसेर एआईलाई दिलाउने हो भने अहिलेको एकाध खर्ब बराबर सयौं खर्ब कमाउन सकिन्छ भन्ने उनीहरूको विश्वास छ।

त्यसमाथि अग्रणी एआई शोधकर्ताहरू अहिले विश्वस्त छन् कि, केही वर्षभित्र मानिसले गर्ने कामको चौथाइ वा आधा नभई लगभग सबै हिस्सा मानिसले भन्दा राम्रो, छिटो र अतुलनीय रूपमा सस्तो मूल्यमा मेसिनले गर्न सक्नेछन्।




त्यसैले अहिले अन्धाधुन्ध एआई क्षेत्रमा भइरहेको लगानीले उच्च प्रतिफल दिने अवस्थामा अर्बौं मानिसहरूको काम मेसिनले खोस्नेछ। ती अर्बौंमध्ये जो अमेरिका र चीनजस्ता एआईबाट राजस्वबापत हुने आम्दानी उठाउने देशमा बस्छन्, तिनले युबिआई (युनिभर्सल बेसिक इन्कम) वा अरू कुनै माध्यमबाट कामै नगरी भारी आम्दानी गर्न सक्नेछन्।

हामीजस्ता कुनै प्रविधि पनि आविष्कार नगर्ने तर अरूका आविष्कारका जगमा बनेका उपभोग्य वस्तुहरूको उपभोग मात्रै गर्ने देशहरू सम्पूर्ण रूपमा जिल्लिने छन्। अनि विपन्नता र चौपट बेरोजगारीको नयाँ चुनौतीपूर्ण युगमा प्रवेश गर्नेछन्।

अन्य व्यवसायझैं यो व्यवसाय पनि सफल हुने कुनै ग्यारेन्टी भने छैन।

मानिलिऔं, कुनै कारणले एआईको 'बबल' फुट्यो र एआई कम्पनीहरूको खर्बौं डलर लगानी गर्नेहरू सयौं खर्ब डलर कमाउन भनेर थापेको बाजी हारे।

दुःखको कुरा के छ भने त्यो परिदृश्यमा अमेरिकाबाट आर्थिक महामन्दी सुरू हुन र विश्वव्यापी रूपमा फैलिन सक्नेछ। त्यसले सन् १९२९ मा सुरू भएर दशकभरि चलेको 'ग्रेट डिप्रेसन' लाई सम्झाउने गरी विश्वव्यापी आर्थिक संकट उत्पन्न गर्न सक्नेछ। गरिबी र बेरोजगारी घट्ने होइन, बढ्नेछ।

त्यसैले हामी नेपालीका लागि एआईको 'थुक कि सुक', थुक आए अरूले जित्ने, सुक आए हामीले हार्ने भनेजस्तो हुने जोखिम छ।

### एआई विकासको वैकल्पिक चित्र

मैले 'नुन-तेल' पुस्तकमा जलवायु संकटलाई केन्द्रमा राखेर मानिस जातिको भूत-वर्तमान-भविष्यलाई केलाएको थिएँ। त्यो आंशिक संस्मरणसहितको गैरआख्यान थियो। गत तीन वर्षदेखि मैले त्यही विषयलाई आख्यानमार्फत् भनेर नयाँ किताब तयार पार्दैछु। स्वभावतः आख्यान भएकाले मसित यसमा कल्पनाशीलताको व्यापक प्रयोग गर्ने छुट छ। तर पनि खास गरी एआई लगायत विषयहरूमा लेखिने आख्यान पनि तथ्यपरक होस् भनेर पछिल्ला वर्षहरूमा एआईको भविष्यबारे गरिने बहसहरू नजिकबाट नियालिरहेको छु।

पुस्तकका लागि शोध गर्ने क्रममा ओपनएआईका प्रमुख साम अल्टम्यान, एन्थ्रोपिकका प्रमुख ड्यारियो अमोडेइ र गुगल डिपमाइन्डका प्रमुख डेमिस ह्यासाबिस लगायतका एआईका अग्रणी विकासकर्ता र कम्पनीका मालिकदेखि एआईका जोखिमबारे निरन्तर बोलिरहेका 'गडफादर अफ एआई' ज्याफ्री हिन्टन, प्राध्यापक स्टुअर्ट रसेल र शोधकर्ता ट्रिस्टान ह्यारिससम्मलाई चाखपूर्वक सुनेको छु।

सन् २०२५ मा शोधकर्ताहरू ड्यानियल कोकोटालो, स्कट अलेक्जाण्डर, थोमस लार्सन, एली लिफल्याण्ड र रोमियो डिनले एआई विकासको भावी मार्गचित्रबारे प्रक्षेपण गरेर एआई २०२७ शीर्षक एउटा लामो पेपर तयार गरे।

उनीहरूमध्ये ड्यानियल कोकोटालोले एआईको भविष्यबारे हालै जस्तो प्रक्षेपण गरिरहेका छन्, त्यो मैले माथि उल्लेख गरेको यसै हार्ने, उसै हार्ने जुवाभन्दा निकै फरक छ।

सन् २०२२ देखि २०२४ सम्म ओपनएआईमा काम गरेर एआई उद्योगको भित्री काम गराइ हेरिसकेका कोकोटालोका ६ वर्षमुनिका दुई बच्चा छन्।

एक जना पोडकास्टरले उनलाई सोध्छन्– उनीहरूलाई भविष्यका लागि कसरी तयार गर्नुहुन्छ? के पढाउनुहुन्छ?

जबाफमा कोकोटालो भन्छन्– उनीहरू श्रम बजारमा प्रवेश गर्ने बेलासम्म यो सब खतम भइसकेको हुनेछ (इट विल अल बि ओभर)। त्यसैले के पढ्ने र कुन रोजगार गर्ने भन्ने प्रश्न नै निरर्थक छ।

अहिलेको रफ्तार र होडबाजीमै एआई विकास भइरहने हो भने माथि उल्लिखित दुईमध्ये पहिलो परिदृश्य (जहाँ सबैजसो श्रम मानिसबाट मेसिनले खोस्छ) वास्तविकता बन्नेमा कोकोटालो विश्वस्त छन्। त्यसका लागि उनी चिन्तित भने छैनन्।

कारण– एआईका 'फ्रन्टियर मोडल' हरू अहिले आफैलाई उन्नत बनाउने होडमा छन्, मानिसको काम खोस्नेमा होइन। अमेरिकाका ओपनएआई, एन्थ्रोपिक र डिपमाइन्डदेखि चीनका डिपसिक र क्वेनसम्म अहिले एएसआई वा आर्टिफिसियल सुपरइन्टेलिजेन्स विकास गर्ने होडमा छन्।

त्यसैले जबसम्म मेसिनले काम खोसेर करोडौं मानिस बेरोजगार हुनेछन्, जुन उनको हिसाबले सन् २०३० को सुरूतिर हुन सक्नेछ, तबसम्म त्यसभन्दा पनि ठूला चिन्ताहरूले हामीलाई घेरिसकेका हुनेछन्।

जस्तो कि मानिस जातिलाई नै लोप पार्न सक्ने नयाँ जैविक हतियारहरूको विकास।

त्यो अवस्थामा बेरोजगारीको समस्या हामीलाई तुलनात्मक रूपमा सानो लाग्नेछ। त्यसैले उनले 'मेरा सन्तान बेरोजगार हुनेछन्' होइन कि 'यो सब खतम भइसकेको हुनेछ' भन्छन्।

### एआईका जोखिमबारे 'आधिकारिक' धारणा

विश्व अर्थतन्त्र र भूराजनीतिको एउटा सुदूर कुनामा रहेको नेपालमा बसेर हेर्दा कोकोटालोका जस्ता प्रक्षेपण अर्कै संसारलाई अरू नै समयका लागि गरिएका जस्ता लाग्न सक्छन्। फेरि अहिले संसारमा एआईले बर्बाद पार्छ भन्नेहरू (डुमर्स) जति छन्, यसले मानव जातिका सबै खाले ठूला समस्या हल गर्छ भनेर उत्साहित हुनेहरू पनि उति नै छन्।

साम अल्टम्यान लगायत ठूला एआई कम्पनीका मालिकहरूले एआईका मद्दतले रोगहरूदेखि जलवायुको संकटसम्म समाधान हुन सक्ने भनेर बारम्बार बताउँदै आएका छन्।

अन्तहीन सम्पत्ति र समृद्धिको नयाँ युगमा मानिस जीविकाका लागि काम गर्ने होइन कि, मेसिनले कमाएर दिएको सम्पत्ति खर्च गर्दै आफूले चाहेको काम गर्न वा जीवनभरि आराम गरेर बस्न सक्नेछन् भनेर प्रक्षेपण गर्नेहरू पनि प्रशस्तै छन्।

त्यसैले एआईबारे निराशावादी मानिसहरूको भनाइलाई मात्रै प्रश्रय दिएको भनेर तपाईंहरूले आरोप लगाउनु अगाडि म तपाईंहरूका लागि अर्को सामग्री सिफारिस गर्छु– यही वर्ष मार्चमा रिलिज भएको वृत्तचित्र 'द एआई डकः अर हाउ आइ बिकेम अ एपोक्यालोपटोमिस्ट'।

ड्यानियल रोहर निर्देशित यो वृत्तचित्रले एआई मुद्दाका सबैजसो कोणहरूबाट विचार राख्दै आएका ओपनएआईका साम अल्टम्यान र एन्थ्रोपिकका ड्यारियो अमोडेइ र गुगल डिपमाइन्डका डेमिस ह्यासाबिस लगायत एघार जना एआई कम्पनीका प्रमुख वा शोधकर्ताहरू, ११ एआई सुरक्षा र 'एथिक्स' शोधकर्ताहरू, तीन जना मानव केन्द्रित प्रविधिका अग्रणी अभियन्ताहरू तथा युवल नोआ हरारी लगायत सात जना अरू विद्वानहरूलाई एकै मञ्चमा ल्याएको छ।

एआईको भविष्यबारे विभाजित आशावादी र निराशावादी दुवै कित्ताका विज्ञका कुरा सुनेर यस विषयमा तपाईं आफ्नो धारणा बनाउन सक्नुहुन्छ।

उक्त वृत्तचित्रमा विज्ञहरूले भनेका जम्मा तीन विचारोत्तेजक प्रसंगहरू म यहाँ उद्धृत गर्छु। हाम्रा (अहिले जन्मेका) बालबालिका हाइस्कुल पुग्न पाउने छैनन् ।

नुन-तेल पुस्तकभरि मेरो सन्देश थियो– जलवायु संकटको कारण हामी होइनौं तर यसको चपेटामा नराम्ररी पर्दैछौं। त्यसैले यो समस्या हामीले गर्दा आएको होइन भनेर टक्टकिएर पुग्दैन । राँकिएर जल्दै गरेको पृथ्वीमा कसरी बाँच्ने भनेर रणनीति बनाउनमा लागिरहनुपर्छ भन्ने त्यो पुस्तकको निचोड थियो । नयाँ पुस्तकमा पनि म त्यस्तै खालको निचोडमा पुग्न बाध्य थिएँ। एआईको जथाभावी विकास अहिलेको एकल समस्या होइन। जलवायु संकट मैले नुन-तेल लेख्दाका वर्षहरूमा भन्दा अहिले गहिरिएर गएको छ। त्यसको रफ्तारमा ब्रेक लाग्ने कुनै छनक अहिलेसम्म छैन ।

यसबीच संसारभरि नयाँ युद्ध र द्वन्द्व, नरसंहार र जातीय सफायाहरू थपिएका छन्, घटेका छैनन्। गरिबी र भोकमरी बढेको छ । चरम भोकको संकटबाट अहिले नै गुज्रिरहेका तीस करोड मानिसहरूमाथि अहिले चलिरहेको सुपर-एल निनो नामक मौसमी प्रणालीले अर्को वर्षसम्म पाँच करोड अरू मानिसलाई त्यो संकटमा धकेल्नेछ भन्ने प्रक्षेपणहरू अहिले भइरहेका छन्।

सन् २०२० मा प्रकाशित एउटा अध्ययनका अनुसार अहिलेकै रफ्तारमा पृथ्वी तात्ने हो भने सन् २०७० सम्म संसारभरिका साढे तीन अर्ब मानिसहरू बस्ने ठाउँमा अहिलेको सहारा मरूभूमिको मध्यभागजस्तो तातो हुनेछ र त्यति मानिस त्यसअघि नै विस्थापित भइसकेका हुनेछन्। त्यो अध्ययन भएयताका ६ वर्षमा पृथ्वीमा कार्बन उत्सर्जन र तापमानको बढोत्तरी झन् तीव्र भएको छ। यी सबैको पृष्ठभूमिमा अहिले आइरहेको छ एआई संकट।

तर नेपालको हैसियत फेरि पनि उही छ– कुनै पनि विश्वव्यापी संकट आफूले सुरू नगर्ने तर त्यसबाट बच्न न्यूनतम काम गर्न पनि नसक्ने। लेखकका हैसियतले यसमा मैले भन्न सक्ने यत्ति हो– अरू केही नभए पनि कम्तीमा आसन्न संकटको गुरूत्व बोध गरौं। जति सकिन्छ तयारी गरौं। संकटको तरबार घाँटीमा झरेपछि मात्रै छट्पटिने काम नगरौं। संकट रोक्न सकिँदैन भने पनि त्यसका प्रभाव मत्थर पार्न केके काम गर्न सकिन्छ, ती गरौं। होइन भने, जलवायु संकट र एआईको जुवामा हारेका कारण सिंगो मानवता खाडलमा पर्दै गर्दा त्यसको सबैभन्दा पिँधमा हामी पर्नेछौं र बाँकी संसारले हामीलाई माथिबाट थिच्नेछ। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

# फागुनको निर्वाचनसम्म आइपुग्दा कम्युनिस्ट पार्टीको पोष्टमार्टम भइसक्यो



राम कार्की

प्राविधिक रूपमा हेर्दा नेपालमा कम्युनिस्ट पार्टी नदेखिने होइन, उनीहरूले पार्टीको नाममै कम्युनिस्ट शब्द झुन्ड्याएका छन् । निर्वाचन आयोगमा दर्ता भएका पनि छन्, तर वास्तवमा नेपालमा कम्युनिस्ट पार्टी छैनन् । कम्युनिस्ट छन्, तर ती विभिन्न ठाउँमा छरिएर रहेका छन् । कोही कुनै पार्टीमा छन्, कोही बाहिर छन् । यहाँ कम्युनिस्टलाई माया गर्ने जनता पनि छन्, तर कम्युनिस्ट पार्टी छैन ।

कम्युनिस्ट पार्टी धैरै अघि विघटन भइसकेको थियो । जेनजी आन्दोलन भइसकेपछि त्यसको डाइग्नोनिस भयो । गत फागुनको निर्वाचनसम्म आइपुगेपछि त्यसको पोष्टमार्टम पनि भइसक्यो । किनभने कम्युनिस्ट भनेको यस्तो पार्टी या आन्दोलन हो, जो जहिले जुनसुकै ठाउँमा पनि असाध्यै सक्रिय रहन्छ ।

केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' हेलिकप्टर चढेर हिँडेपछि पार्टी पनि हेलिकप्टरमै जाने भएपछि, जमिनमा पार्टी नहुने भएपछि पार्टी छैन भन्ने पुष्टि हुन्छ । नत्र त पार्टीको चार/पाँच लाख सदस्य छ भन्छन्, त्यस्तो पार्टी भदौ २३/२४ गते काठमाडौं उपत्यकामा आएको भए– वरिपरि नुवाकोट, मकवानपुर, धादिङ, रसुवा, सिन्धुली आदि जिल्लाबाट ओर्लिएको पार्टी रहिहाल्थ्यो नि । प्रचण्ड र केपी ओली सुत्दा सुत्ने, उठ्दा उठ्ने भएपछि कहाँ पार्टी रहन्छ ? त्यो 'वान म्यान आर्मी' भयो । एक जनाको खटनपटन रहने, ऊ सक्रिय हुँदा सक्रिय हुने, सक्रिय नहुँदा निष्क्रिय हुने भनेको पार्टी मैदानमा छैन भनेर पुष्टि भयो ।

अहिले नयाँ भनेर आएकाहरूको लापरवाहीपूर्ण कामले 'योभन्दा त पुरानै राम्रो थियो भनेर' ओली-प्रचण्डलाई आशा जगाएको छ । जस्तै अहिले पनि राजावादी देखिन्छन् । प्रजातन्त्र राम्रो व्यवस्था त होइन, तर प्रजातन्त्रमा नेताले मनपरी गरेपछि कतिपय मान्छेले राजा सम्झिन्छन् नि ! त्यस्तै उहाँहरूलाई के लागेको हुन सक्छ भने- अहिले सरकारमा बसेकाहरूले राम्रो गभर्नेन्स दिन नसकेको हुनाले हामीलाई फेरि ल्याउँछन् कि भन्ने आशा उहाँहरूमा पलाएको हो ।

सत्ता निष्ठाले सधैंभरि सत्तामै पुऱ्याउँछ भन्ने छैन । सत्ता निष्ठा धेरैमा देखिन्छ, तर त्यसले सत्ता नै हासिल हुन्छ भन्ने कुरा छैन । सत्ता निष्ठाले सत्ता हासिल हुँदैन । अहिलेको जो स्थिति, त्यसपछिको विकल्प छ, त्यो राम्रो आउनुपऱ्यो । अहिलेको शासन राम्रो छैन भनेर राजतन्त्र फर्काएर ल्याउने, राणाशासन फर्काएर ल्याउने, मल्लहरूको शासन फर्काएर ल्याउने हुँदैन । इतिहास त्यसरी एकदम पश्चगामी दिशामा फर्कँदैन । इतिहास जहिले पनि अगाडि बढ्छ, तर त्यो इतिहासको आवाज र आह्वानलाई उहाँहरूले अस्वीकार गर्नुहुन्छ । उहाँहरूले कम्युनिस्ट पार्टीलाई कम्युनिस्ट पार्टी नै रहन दिनुभएन । उहाँहरूको सम्पूर्ण सामर्थ्य त्यहीं खर्च भयो ।

विभिन्न ठाउँमा छरिएर रहेका कम्युनिस्टहरूले कम्युनिस्ट कार्यक्रम, कम्युनिस्ट सिद्धान्त, कम्युनिस्ट संस्कृतिमा आधारित नयाँ कम्युनिस्ट पार्टी, आजको युगलाई सुहाउने कम्युनिस्ट पार्टी गठनमा लाग्नुपर्छ । त्यसको छातामुनि जम्मा हुने भनेको फेरि उहाँहरूकै व्यक्तिगत फौज, आकाङ्क्षा, इच्छा, सत्ता निष्ठा पछाडि हिँड्ने फौजमात्रै हुन्छ भने त्यो कम्युनिस्ट पार्टी हुँदैन ।

सबैतिर रहेका कम्युनिस्टहरूले पहिला आफ्नो पुरानो सोच, पुरानो स्कुल, पुरानो चिन्तनबाट मुक्त हुनुपर्छ । किनभने सबै पुरानो चिन्तन भिरेर नयाँ निर्माण हुँदैन । त्यो विभिन्न स्कुलको संस्कृति, सोच्ने तरिकाबाट मुक्त भएर कम्युनिस्टहरूले नयाँ पहल, नयाँ अभ्यास सुरू गर्नुपर्छ ।

एउटा जेनेरेसनलाई चुनौती पनि हो यो । खास गरेर प्रचण्ड र ओली कामरेडहरूपछिको सेकेन्ड लाइन भन्ने नेताहरूले आफ्नो समीक्षा गर्नुपऱ्यो । उहाँहरूले २०औं वर्ष एउटा मान्छेलाई उहाँ (प्रचण्ड-ओली)बाहेक केही पनि हुँदैन, उहाँ अपरिहार्य हो भन्ने ढङ्गले जुन भजनकिर्तन गरेर बिताए, यो नयाँ जेनेरेसन यति लाचार हुनुभएन ।

अहिले पनि यता र उता गर्दा उनीहरूले पनि केही गरेजस्तो मात्रै म देख्छु । कहिले त्यो ठगिएका जनताको छेउमा, कहिले लुटिएका जनताको छेउमा जाने गर्छन् ती युवा । तर उनीहरूलाई अगुवाइ गर्ने, उनीहरूको बिचमा बसेर नेतृत्व दिएर अगाडि बढ्ने आँट त्यो टोलीले गर्नुपर्छ ।

स्वाभाविक रूपमा कम्युनिस्ट आन्दोलनको अवसान प्रत्यक्ष हामी देख्छौं । नेपालका कम्युनिस्टहरूको विघटनभन्दा ठुलो कुरा के हुन्छ ? विघटित छन् । कम्युनिस्ट पार्टी नै छैन जस्तो स्थितिमा पुगेको छ । अब बनाउने भनेको नयाँ हो । त्यो पुरानो मृत शरीरलाई घिसारेर कहीं पनि पुगिँदैन । त्यसैले नयाँ पार्टी बनाउनेतर्फ सोच्नुपर्छ ।

अर्को कुरा, जबसम्म देशमा मजदुर, किसान, शोषित वर्ग, उत्पीडित समुदाय बाँकी रहन्छ, त्यतिबेलासम्म कुनै न कुनै नाममा, कुनै न कुनै तरिकाले कम्युनिस्टहरू आउँछन् । कम्युनिस्टहरू अगाडि बढ्छन् । भारतमा पनि अहिले जुन आन्दोलनकै सामना गर्नु पर्दैन, माओवादी सकिइहाले भन्ने भारतीय शासकहरूलाई परेको छ, तर अब कंग्रेसको नाममा असङ्ख्य युवाहरू अगाडि आएर सरकारलाई झुकाए । त्यसमा अब सबै वामपन्थी, प्रजातान्त्रिक, प्रगतिशील चरित्रका युवाहरूको पनि ठुलो सङ्ख्या थियो । ती सबै विदेशबाट गाइड भएर अथवा कसैको आह्वानमा आएका मान्छे थिएनन् । उनीहरूलाई देशकै समस्याले अगाडि ल्याएको हो ।

त्यसैले नेपालमा पनि यत्रो गरिबी छ, यत्रो बेरोजगारी छ, यत्रो अत्याचार छ । त्यसले स्वाभाविक रूपमा आफ्नो आन्दोलन जन्माउँछ, आफ्नो नेता जन्माउँछ, आफ्नो विचार जन्माउँछ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रामिक सम्बन्धी विधेयक बहुमतले स्वीकृत



काठमाण्डु। प्रतिनिधिसभाको सोमबारको बैठकले 'संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रामिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ विचार गरियोस' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ।

बैठकमा उक्त विधेयक प्रधानमन्त्री वालेन्द्र साहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सो प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

यसअघि, छलफलमा सांसदहरु रीना उप्रेती, लीमा अधिकारी आचार्य,कृष्णहरि बुढाथोकी, गंगालक्ष्मी अवाल, जनकसिंह धामी, कालीबहादुर शाह, माधवबहादुर थापा, कमल सुवेदी, प्रमीलाकुमारी गच्छदार, पारशमणि गेलाल, पार्वती विक, निराशा चौधरी दगौरा, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्धिकीले भाग लिदै आफ्नो धारणा, जिज्ञसा तथा सुझाव राख्नुभएको थियो।

छलफलमा उठेका जिज्ञासामा मन्त्री गौतमले जनताले तिरेको करको सदुपयोग गर्न र दोहोरो सुविधा लिन नपाउने विषय भएको १३ आयोगका ६५ पदाधिकारी धेरैजसो पेन्सन खाने भएकाले तलब लिदा पेन्सन लिन नपाउने व्यवस्था गर्न लागेको बताउनुभयो।

संवैधानिक आयोगमा नियुक्ति गर्न उपयुक्त पासलाई दोहोरो सुविधा लिन नपाउने भन्ने सरकारको स्पष्ट धारणा रहेको जनाउँदै काम गरेबापत पारिश्रामिक लिने तर एकद्धारा प्रणालीबाट मात्र लिने व्यवस्था गर्न खोजेको बताउनुभयो । उहाँले दफारबार छलफलमा थप सुझाव आउने भएकाले अझ वृहत छलफल हुने विश्वास गर्नुभयो । प्रतिनिधिसभा बैठक जारी छ। रासस

# सरकारलाई कांग्रेसको ध्यानाकर्षण– 'जतातत्तै महँगी बढ्यो, तत्काल नियन्त्रण गर'

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसले पछिल्लो समय बजारमा बढ्दै गएको महँगी नियन्त्रण गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । दैनिक उपभोग्य वस्तुदेखि कृषि उत्पादनसम्मको मूल्य बढ्दा सर्वसाधारणको जीवनयापन कठिन बन्दै गएको भन्दै कांग्रेसले प्रभावकारी बजार अनुगमन र राहतका कार्यक्रम सञ्चालन गर्न सरकारसँग माग गरेको छ।

कांग्रेसको जारी केन्द्रीय कार्यसमिति बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै पार्टी प्रवक्ता देवराज चालिसेले महँगीका कारण सर्वसाधारणको जीवन प्रणाली नै अस्तव्यस्त बन्दै गएको बताए । कमजोर आय भएका नागरिकले दिनभर काम गरे पनि साँझको छाक टार्न कठिन हुने अवस्था सिर्जना भएको उनको भनाइ छ।

उनले बजारमा मूल्य निरन्तर बढिरहेको भए पनि त्यसअनुसार प्रभावकारी अनुगमन र नियन्त्रण हुन नसकेको बताए। सरकारले बजार अनुगमनलाई औपचारिकतामा सीमित नगरी मूल्यवृद्धि नियन्त्रण तथा उपभोक्तालाई राहत दिने विषयमा समेत प्रभावकारी कदम चाल्नुपर्ने कांग्रेसको धारणा रहेको उनले बताए।



'जनताको कमजोर आय स्तर छ । दिनभरि काम गर्छ, बेलुका खान सक्ने स्थिति छैन । बजार आकासिएको छ, अनुगमन छैन, नियन्त्रण छैन,' प्रवक्ता चालिसेले भने, 'त्यसले गर्दा हरेक क्षेत्रमा महँगीको असर परेको छ। सरकारको अनुगमन मात्रै होइन, त्यसलाई प्रभावकारी रूपमा राहतका विषयमा पनि केन्द्रित हुनुपर्छ।'

कांग्रेसले बजारमा देखिएको महँगीको समस्या तत्काल नियन्त्रण गर्न सरकारलाई आग्रह गर्दै दीर्घकालीन समाधानका लागि उत्पादन र आपूर्ति प्रणाली सुधार गर्नुपर्नेमा समेत जोड दिएको छ। विशेषगरी कृषि क्षेत्रमा उत्पादन लागत घटाउने र किसानलाई आवश्यक सामग्री सहज रूपमा उपलब्ध गराउने नीति आवश्यक रहेको कांग्रेसको भनाइ छ।

प्रवक्ता चालिसेले किसानका लागि समयमै मल उपलब्ध गराउन तथा सिँचाइको दीर्घकालीन व्यवस्था गर्न सरकार गम्भीर हुनुपर्ने बताए। कृषि उत्पादन बढाउन र किसानलाई प्रोत्साहित गर्न मल, सिँचाइ तथा अन्य आवश्यक पूर्वाधारमा राज्यले दीर्घकालीन लगानी गर्नुपर्ने उनको भनाइ छ।

कांग्रेसले दीर्घकालीन रूपमा रासायनिक मलका लागि विदेशी बजारमा निर्भरता घटाउँदै स्वदेशमै मल उत्पादन गर्ने नीति बनाउनसमेत सरकारसँग माग गरेको छ। स्वदेशमै मल उत्पादन गर्न सके कृषि उत्पादनको लागत घटाउनुका साथै किसानलाई समयमै मल उपलब्ध गराउन सहज हुने कांग्रेसको निष्कर्ष छ।

प्रवक्ता चालिसेले केन्द्रीय कार्यसमिति बैठकमा अहिले जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका विषयलाई प्राथमिकताका साथ छलफल गरिएको बताए । महँगी, किसानका समस्या, उत्पादन र रोजगारीजस्ता विषय नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएकाले ती विषयलाई पार्टीले प्राथमिकतामा राखेको उनको भनाइ छ।

'आज विशेष गरेर जनताको जीवनसँग जोडिएका विषय आजको छलफलको प्रधान विषय हो,' उनले भने, 'भोलि हामी राजनीतिक विषयमा, अधिवेशनका विषयमा र अरू विषयमा प्रवेश गर्छौं।'

कांग्रेसको केन्द्रीय कार्यसमिति बैठकमा पछिल्लो राजनीतिक अवस्था, पार्टीको संगठनात्मक गतिविधि तथा आगामी महाधिवेशनलगायतका विषयमा समेत छलफल हुने तयारी छ। तर, सोमबारको बैठकमा भने सर्वसाधारणको दैनिक जीवनसँग जोडिएका आर्थिक तथा सामाजिक विषयले प्राथमिकता पाएको कांग्रेसले जनाएको छ।

प्रवक्ता चालिसेका अनुसार केन्द्रीय कार्यसमिति बैठक मंगलबार पनि निरन्तर बस्नेछ । आगामी बैठकमा राजनीतिक तथा सांगठनिक विषयमा थप छलफल हुने कांग्रेसले जनाएको छ।

# प्रधानमन्त्री साहसँग भारतीय राजदूतको शिष्टाचार भेट



काठमाण्डु। प्रधानमन्त्री वालेन्द्र साहसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गर्नुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा उहाँहरूबीच नेपाल-भारत सम्बन्ध, द्विपक्षीय मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको भेटवार्ता भएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिनुभयो।

प्रधानमन्त्री शाहले भारतसँगको ऐतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो।

राजदूत श्रीवास्तवले प्रधानमन्त्री शाहलाई कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दै दुई देशबीचको सम्बन्ध र सहकार्यलाई अझ सुदृढ बनाउने प्रतिबद्धता जनाउनुभयो।

यसैगरी, प्रधानमन्त्री शाहसँग आजै नेपालका लागि चीनका राजदूत चाङ माओमिङले पनि भेट गर्ने कार्यक्रम छ। रासस

# झापाका स्थानीय तहले दलित अधिकार ऐन बनाउने

भद्रपुर। झापाका स्थानीय तहले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रतिबद्धता जनाएका छन्।

कोशी प्रदेश सरकारले पनि दलित सशक्तीकरणसम्बन्धी विधेयक पारित गर्ने प्रक्रिया अघि बढाइरहेका बेला झापाका स्थानीय तहले छुट्टै कानुनी व्यवस्था गर्ने प्रतिबद्धता जनाएका हुन्।

मानवअधिकार मञ्च नेपाल इलामको आयोजना तथा जिल्ला समन्वय समिति झापाको सहकार्यमा बिर्तामोडमा आइतबार सम्पन्न दुईदिवसीय कार्यशालाले पारित गरेको '१० बुँदे झापा घोषणापत्र-२०८३' मार्फत जिल्लाका १५ वटै पालिकाले आगामी आर्थिक वर्षभित्र स्थानीय दलित अधिकार ऐन सम्बन्धित पालिकाको सभाबाट पारित गर्ने प्रतिबद्धता जनाएका हुन् । ऐनमार्फत दलित अधिकार समिति गठन गरी त्यसलाई कार्यान्वयनमा लैजानेसमेत घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रमा दलित समुदायको जनसाङ्ख्यिक तथा सामाजिक, आर्थिक 'प्रोफाइल' तयार गरी त्यसका आधारमा नीति, योजना र बजेट निर्माण गर्ने तथा पाँचवर्षे दलित विकास रणनीतिक योजना कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

जातीय विभेद तथा छुवाछूतमुक्त वडा र पालिका घोषणाका लागि अभियान सञ्चालन गर्ने, दलित उत्तरदायी बजेटको व्यवस्था गर्ने तथा परम्परागत सीप र पेसालाई व्यवसायीकरण गर्ने विषय समेटिएका छन्।

कार्यशालाको समापनमा कोशी प्रदेशका



आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतमले आगामी अधिवेशनबाट दलित सशक्तीकरण विधेयक पारित गर्ने प्रक्रिया अघि बढ्ने बताउनुभयो।

विधेयकमाथि दफावार छलफल सम्पन्न भइसकेकाले अब पारित गर्ने चरणमा पुगेको उहाँको भनाइ छ। "दलित सशक्तीकरण विधेयकमाथि दफावार छलफल सकिसकेका छौं। अब यो पारित हुने चरणमा पुगेको छ", राज्यमन्त्री गौतमले भन्नुभयो, "आगामी अधिवेशनबाट विधेयक पारित गर्ने गरी प्रक्रिया अघि बढ्छ।"

कोशी प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी कानुन निर्माणको गृहकार्य २०७६ सालदेखि सुरु भएको थियो। लामो समयसम्म प्रक्रिया अघि बढ्न नसकेको सन्दर्भमा दलित अधिकारकर्मीले प्रश्न उठाउँदै आएका थिए। राज्यमन्त्री गौतमले सरोकारवालासँग पर्याप्त छलफल र परामर्श आवश्यक भएकाले प्रक्रिया लम्बिएको बताउनुभयो।

मानवअधिकार मञ्च नेपाल इलामका कार्यकारी निर्देशक देवेन्द्र विश्वकर्माले अन्य प्रदेशमा दलित सशक्तीकरणसम्बन्धी ऐन कार्यान्वयनमा आइसकेकाले कोशीमा पनि विधेयक शीघ्र पारित गर्नुपर्ने बताउनुभयो । कार्यशालामा झापाका १५ वटै पालिकाका जनप्रतिनिधि, जिल्ला प्रशासन, राजनीतिक दल, मानवअधिकारकर्मीलगायतको सहभागिता थियो।

मानवअधिकार मञ्च नेपाल इलामका अध्यक्ष मोहनसिंह थेवेले मञ्चको कार्यक्षेत्र झापासहित इलाम, पाँचथर र ताप्लेजुङ रहेको बताउँदै क्रमशः ती जिल्लामा पनि यस्तै कार्यशाला सञ्चालन गरिने जानकारी दिनुभयो। रासस

# मन्त्री र मन्त्रालयको भागबन्डा टुंग्याइँदै

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशमा नयाँ सरकार गठन तथा सत्ता साझेदारीका विषयमा नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच छलफल तीव्र बनेको छ। केन्द्रमा विकसित नयाँ राजनीतिक समीकरणअनुसार प्रदेश सरकारलाई पनि पुनर्गठन गर्ने तयारीस्वरूप दुई दलका शीर्ष नेताहरूबीच छलफल अघि बढेको छ।

शुक्रबार प्रारम्भिक चरणको छलफल गरेका एमाले र नेकपाका नेताहरू सोमबार भने सरकार पुनर्गठनका विषयमा निर्णायक छलफलमा जुटेका छन्। विराटनगरस्थित मुख्यमन्त्री निवासमा भएको छलफलमा नयाँ सत्ता समीकरणअनुसार प्रदेश सरकारमा सहभागी हुने दल, मन्त्रीको संख्या, मन्त्रालयको बाँडफाँट तथा आगामी सरकारको नीति तथा कार्यक्रमलगायतका विषयमा विस्तृत छलफल भइरहेको छ।

छलफलमा एमालेका तर्फबाट पार्टी सचिव तथा कोशी प्रदेश इन्चार्ज शेरधन राई, एमाले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बो, प्रदेश अध्यक्ष घनश्याम खतिवडा र सचिव राजकुमार



भण्डारीलगायतका नेताहरू सहभागी छन्। त्यस्तै, नेकपाका संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो, पूर्वमुख्यमन्त्री राजेन्द्र राई, प्रदेश अध्यक्ष हर्क नेम्बाङ 'मिक्सो' लगायतका नेताहरू छलफलमा सहभागी छन्।

दुई दलबीचको छलफल मुख्यतः प्रदेश सरकारको पुनर्गठन र सत्ता साझेदारीमा केन्द्रित रहेको नेताहरूले बताएका छन्। सरकारमा कुन दलबाट कति मन्त्री सहभागी हुने, कुन दलले कुन मन्त्रालय सम्हाल्ने तथा सरकार सञ्चालनका क्रममा अपनाइने साझा नीति र प्राथमिकताका विषयमा सहमति जुटाउने प्रयास भइरहेको छ।

एमाले प्रदेश इन्चार्ज शेरधन राईका अनुसार सरकारमा सहभागिता, मन्त्रालयको भागबन्डा र आगामी सरकारको नीति तथा कार्यक्रमका विषयमा सहमतिको आधार तयार गर्ने गरी छलफल भइरहेको छ । सहमति बनेमा सोमबार नै मन्त्री र मन्त्रालयको जिम्मेवारी टुङ्गो लगाउने तयारी रहेको उनले बताए।

तर, सरकारमा हाल सहभागी नेपाली कांग्रेसका मन्त्रीहरूले राजीनामा नदिएका कारण सरकार पुनर्गठनको प्रक्रिया भने केही जटिल बनेको छ । नयाँ सत्ता समीकरणअनुसार सरकार पुनर्गठन गर्नुपर्ने अवस्थामा कांग्रेसका मन्त्रीहरूको बहिर्गमन र नयाँ मन्त्रीहरूको नियुक्तिको प्रक्रिया कसरी अघि बढाउने भन्ने विषयमा समेत छलफल आवश्यक देखिएको छ।

केन्द्रमा बनेको नयाँ राजनीतिक समीकरणको प्रभाव प्रदेशमा समेत परेपछि कोशी प्रदेश सरकार पुनर्गठनको अवस्थामा पुगेको हो। एमाले र नेकपाबीच सरकारमा सहकार्यको सहमति बनेपछि प्रदेश मन्त्रिपरिषद्को संरचनामा समेत परिवर्तन हुने सम्भावना छ।

मन्त्रालयको संख्या, जिम्मेवारी र मन्त्रीहरूको नाम टुङ्गो लागेपछि मात्रै नयाँ सरकारको स्वरूप स्पष्ट हुने नेताहरूको भनाइ छ। त्यसका लागि सोमबारको छलफललाई निर्णायक मानिएको छ।

यसअघि प्रारम्भिक छलफलमा सरकार सञ्चालन र सत्ता साझेदारीका आधारभूत विषयमा छलफल भएको थियो । सोमबार भने बाँकी रहेका विषयमा सहमति जुटाएर सरकार पुनर्गठनको प्रक्रिया अघि बढाउने तयारी गरिएको छ।

यद्यपि कांग्रेसका मन्त्रीहरूको राजीनामा तथा उनीहरूको व्यवस्थापनको विषय टुङ्गो नलागेसम्म नयाँ मन्त्रिपरिषद् गठनमा केही कानुनी तथा राजनीतिक जटिलता देखिन सक्ने नेताहरू बताउँछन् । त्यसैले एमाले र नेकपाबीच सहमति भए पनि त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न थप राजनीतिक समन्वय आवश्यक पर्ने देखिएको छ।

दुई दलबीच सोमबार हुने निर्णायक छलफलले सरकारमा सहभागी दलहरूको संख्या, मन्त्रीहरूको जिम्मेवारी र मन्त्रालयको भागबन्डा टुङ्ग्याउने अपेक्षा गरिएको छ।रासस

# सरकारका प्रवक्ता र सम्पादकबीच छलफल

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र विभिन्न सञ्चार माध्यमका सम्पादकबीच सरकारी सूचना प्रवाह, शिक्षा सुधार तथा सरकार-सञ्चारमाध्यम सम्बन्धका विषयमा छलफल भएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा सोमबार भएको छलफलमा सम्पादक तथा वरिष्ठ पत्रकारले सरकारी सूचना समयमै, सहज र पारदर्शी रूपमा सञ्चार माध्यमलाई उपलब्ध गराउनुपर्ने बताउनुभएको छ।

उहाँहरुले प्रधानमन्त्री तथा अन्तर मन्त्रालयका गतिविधि, सरकारी निर्णय र नीतिगत विषयमा सञ्चार माध्यमको सहज पहुँच सुनिश्चित गर्न सरकारको सूचना प्रणाली थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

वरिष्ठ पत्रकारले रणनीतिक महत्त्वका नीतिगत निर्णय गर्नुअघि सम्बन्धित सरोकारवालासँग पर्याप्त छलफल र राय-सुझाव लिन सरकारलाई सुझाव दिनुभएको छ।

छलफलमा शिक्षा प्रणाली सुधारका लागि विद्यालय शिक्षाको



नीतिमा आवश्यक परिवर्तन गर्नुपर्ने विषय पनि उठेको थियो। सहभागीले विद्यालय तथा उच्च शिक्षालाई व्यावहारिक, वैज्ञानिक र जनमुखी बनाउन दीर्घकालीन नीतिगत सुधार आवश्यक रहेको जानकारी दिनभुयो।

सरकारका प्रवक्ता समते रहनुभएका शिक्षामन्त्री पोखरेलले सरकारी सूचना प्रवाहलाई थप व्यवस्थित, सरल र प्रभावकारी बनाउन मन्त्रालयले काम गरिरहेको बताउनुभयो।

उहाँले सरकार लोकतान्त्रिक प्रक्रिया र प्रणालीबाट आएको भन्दै सरकारका काम कारबाही लोकतान्त्रिक मूल्य-मान्यताअनुसार हुने स्पष्ट पार्नुभयो।

"वर्तमान सरकार एक्सनबाट होइन, प्रजातान्त्रिक प्रक्रियाबाट जनमत लिएर आएको हो । त्यसैले सरकारको लोकतन्त्रप्रतिको प्रतिबद्धता रहन्छ", मन्त्री पोखरेलले भन्नुभयो, "जनताको आशा र भरोसालाई साकार पार्न अहोरात्र खटिएका छौं।"

उहाँले जनताका दैनिक आवश्यकतालाई केन्द्रमा राखेर सुशासन र पारदर्शितालाई प्राथमिकता दिइएको बताउनुभयो । विश्वविद्यालयका पदाधिकारी नियुक्ति पारदर्शी र निष्पक्ष रूपमा गरिएको दाबी गर्दै उहाँले विश्वविद्यालयलाई स्वायत्तता प्रदान गर्ने तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नीतिगत सुधार अघि बढाइएको जानकारी दिनुभयो।

देश सञ्चार डटकमका सम्पादक तथा वरिष्ठ पत्रकार युवराज घिमिरेले सरकारी सूचना समयमै र पारदर्शी रूपमा सञ्चार माध्यमलाई उपलब्ध गराउनुपर्ने बताउनुभयो।

हिमालय टेलिभिजन तथा अनलाइन खबरका समूह सम्पादक उमेश चौहानले जनताको भरोसा र जनमत प्राप्त सरकारले जनआकांक्षा पूरा गर्दै शिक्षा क्षेत्रमा रहेका बेथितिलाई नीतिगत रूपमा सुधार गर्नुपर्ने बताउनुभयो।

सेतोपाटी डटकमका सम्पादक सुदीप श्रेष्ठले सरकारले गरिरहेका काम तथा सुधारबारेआमनागरिकलेसहजरूपमा जानकारी पाउनुपर्ने बताउनुभयो । अनलाइनखबरका प्रधानसम्पादक बसन्त बस्नेतले सरकार र सञ्चार माध्यमबीच निरन्तर संवादले सूचनाको सहजता बढाउनुका साथै दुवैबीचको दूरी कम गर्ने बताउनुभयो।

कान्तिपुर दैनिकका प्रधानसम्पादक गोकर्ण अवस्थीले सूचना सहज रूपमा प्रवाह हुन नसके 'मिसइन्फर्मेसन' र 'डिसइन्फर्मेसन' को जोखिम बढ्ने बताउनुभयो।

शिलापत्र डटकमका सम्पादक योगेश ढकालले विश्वविद्यालयप्रतिको विश्वासलाई संस्थागत रूपमा बलियो बनाउन आवश्यक नीतिगत परिवर्तन गर्नुपर्ने बताउनुभयो। पत्रकार बिनु सुवेदीले सरकार र सञ्चार माध्यमबीचको सम्बन्धलाई सौहार्दपूर्ण बनाउँदै सूचना प्रवाह र जनस्तरको सम्बन्ध थप प्रगाढ बनाउनुपर्ने बताउनुभयो। उहाँले विद्यालय तहको पाठ्यक्रममा व्यापक सुधार आवश्यक रहेको सुझाव दिनुभयो।

द काठमाडौं पोस्टका समाचार सम्पादक विनोद घिमिरेले सरकारी सूचना दिने प्रणालीलाई सरल र सहज बनाउनुपर्नेमा जोड दिनुभयो। शिक्षामन्त्रीका सल्लाहकार सरोज गौतमले छलफलको सहजीकरण गर्नुभएको थियो। रासस

# नेपालको विशेष सेवा ऐनको साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक पारित

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकले नेपालको विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३ लाई सर्वसम्मतिले पारित गरेको छ।

सभामुख डोलप्रसाद अर्यालले उक्त विधेयकलाई सदनको बैठकमा निर्णयार्थ प्रस्तुत गर्दै पारित भएको घोषणा गर्नुभयो। बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले उक्त विधेयक पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको भएको थियो।

बैठकमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपालको विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकमा प्रधानमन्त्री शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय



मामिलामन्त्री गौतमले उक्त विधेयक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको भएको थियो।

मन्त्री गौतमले अनुसन्धान गर्ने निकाय कुनै एकै स्थानमा मात्र विषय नभई सबै खालका सूचना प्रधानमन्त्रीसमक्ष पुग्दा राम्रो हुने र प्रधानमन्त्री स्वयंले देशको समग्र सुरक्षाको चासो राख्नुपर्ने भएकाले यस्ता विषय प्रधानमन्त्री कार्यालयअन्तर्गत रहने गरी बनाउनुपर्ने सरकारको धारणा हो।

उहाँले अर्थ मन्त्रालय, गृह मन्त्रालय मात्रै नभएर सबै खालको अनुसन्धान गुप्तचर निकायले गर्नुपर्ने भएकाले यो विधेयकले प्रधानमन्त्री कार्यालयअन्तर्गत राष्ट्रिय अनुसन्धान व्युरोलाई राख्न खोजिएको बताउनुभयो।

यसअघि, छलफलमा सांसदहरु सृष्टि भट्टराई, ललिताकुमारी, गणेशबहादुर विश्वकर्मा, दीपककुमार शाह, शाहजान खातुन, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्धिकीले भाग लिँदै आफ्नो धारणा, जिज्ञसा तथा सुझाव राख्नुभएको थियो।

प्रतिनिधिसभको अर्को बैठक यही साउन २६ गते मंगलबार १ बजे बस्नेछ। रासस

जनकपुर टुडे



# इन्डोनेसियामा 'कार रेस' दुर्घटनामा आठ जनाको मृत्युः प्रहरी




एएफपी। इन्डोनेसियामा साप्ताहिक 'कार रेस' का क्रममा एउटा कार नियन्त्रणबाहिर गएर दर्शकहरूमाथि ठोक्किएपछि आठ जनाको मृत्यु भएको र नौ जना घाइते भएको प्रहरीले सोमबार बताएको छ।

यो दुर्घटना आइतबार राति इन्डोनेसियाको सुलावेसी टापुमा रहेको कोतामोबागु शहरमा आयोजित 'ड्र्याग कार रेस'का क्रममा भएको हो।

"आठ जनाको मृत्यु भएको छ, आठ जना गहन उपचारमा छन् र एक जनालाई सामान्य चोटपटक लागेको छ," उत्तर सुलावेसी प्रहरी प्रमुख रोएके ह्यारी ल्याङ्गीले भन्नुभयो।

प्रहरीले चालकसहित धेरै प्रत्यक्षदर्शीहरूसँगको प्रारम्भिक सोधपुछ यो जानकारी गराएको हो।

एक प्रत्यक्षदर्शीका अनुसार कार नियन्त्रणबाहिर गएर उत्तर सुलावेसीको राजधानी मनाडोबाट करिब १८० किलोमिटर दक्षिण-पश्चिममा अवस्थित कोतामोबागुमा रेसका दर्शकहरूमाथि ठोक्किएको थियो।

करिब २८ करोड जनसङ्ख्या भएको यो दक्षिण-पूर्वी एसियाली राष्ट्रमा घातक सडक दुर्घटनाहरू सामान्य छन्, जहाँ सडक नियमहरू नियमित रूपमा उल्लङ्घन गरिन्छ र सवारी साधनहरू प्रायः राम्रोसँग मर्मत गरिएका हुँदैनन्।

# हसिना प्रत्यर्पणमा भारतसँग बंगलादेशको आग्रह

एएफपी। बंगलादेशले पूर्वप्रधानमन्त्री शेख हसिनाको प्रत्यर्पण प्रक्रिया अघि बढाउन भारतलाई आग्रह गरेको छ। बंगलादेशका प्रधानमन्त्री तारिक रहमान र भारतका नवनियुक्त उच्चायुक्त दिनेश त्रिवेदीबीच सोमबार भएको भेटमा हसिनाको प्रत्यर्पण तथा दुई देशबीचका अन्य महत्त्वपूर्ण विषयमा छलफल भएको हो।

बङ्गलादेशको प्रधानमन्त्री कार्यालयका अनुसार प्रधानमन्त्री रहमानले उच्चायुक्त त्रिवेदीसँगको भेटमा भारतले हसिनाको प्रत्यर्पण प्रक्रिया छिटो अघि बढाउने अपेक्षा व्यक्त गर्नुभएको छ। सन् २०२४ मा विद्यार्थी नेतृत्वको आन्दोलनपछि पदबाट हट्नुभएकी हसिना त्यसयता भारतमा रहँदै आउनुभएको छ।

बङ्गलादेश सचिवालयस्थित प्रधानमन्त्री कार्यालयमा भएको शिष्टाचार भेटमा प्रधानमन्त्री रहमानले भारतका उच्चायुक्तलाई स्वागत गर्नुभएको थियो। त्रिवेदीले पनि बङ्गलादेशमा आफ्नो पछिल्लो दुई महिनाको कार्यानुभवबारे जानकारी गराउनुभएको थियो।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार बङ्गलादेशले भारतबाट शेख हसिनाको प्रत्यर्पण प्रक्रिया छिटो अघि बढ्ने अपेक्षा गरेको छ।

ढाकाले सन् २०२५ डिसेम्बर १२ मा गोली हानी हत्या गरिएका जुलाई आन्दोलनका प्रमुख व्यक्तिमध्ये एक शाहिद उस्मान हादीको हत्यामा संलग्न



रहेको आरोप लागेका व्यक्तिलाई पनि भारतबाट फिर्ता गर्न आग्रह दोहोऱ्याएको छ। बङ्गलादेश सरकारले हादी हत्याका आरोपीलाई फिर्ता गर्न नयाँदिल्लीसँग पुनः अनुरोध गरिएको जनाएको छ।

भेटका क्रममा दुई देशबीचका प्रमुख द्विपक्षीय विषयमा समेत छलफल भएको थियो। प्रधानमन्त्री रहमानले बङ्गलादेश र भारतबीचको सम्बन्धलाई थप अघि बढाउन अनुकूल वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो।

बैठकमा बङ्गलादेशका विदेशमन्त्री खलिलुर रहमान, प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार हुमायूँ कबीरलगायत सम्बन्धित अधिकारी सहभागी हुनुहुन्थ्यो।

उच्चायुक्त त्रिवेदी र प्रधानमन्त्री रहमानबीचको भेट उहाँले बङ्गलादेशका विदेशमन्त्री रहमानसँग छुट्टै भेट गरेको एक दिनपछि भएको हो। पछिल्लो समय हसिनाको भारतबाट सार्वजनिक अभिव्यक्तिलाई लिएर ढाका र नयाँदिल्लीबीच कूटनीतिक तनाव देखिएका बेला बङ्गलादेशको शीर्ष नेतृत्वसँग भारतीय उच्चायुक्तको भेटलाई महत्त्वका साथ हेरिएको छ।

दुई देशबीचको पछिल्लो कूटनीतिक संवाद हसिनाले गत अगस्ट ५ मा नयाँदिल्लीबाट गरेको भर्चुअल सम्बोधनपछि भएको हो। दक्षिण एसियाली विदेशी सञ्चारकर्मीहरूको क्लबले आयोजना गरेको कार्यक्रममा हसिनाले सन् २०२४ को विद्यार्थी नेतृत्वको आन्दोलनपछि आफू देशबाट बाहिरिनुपरेको घटनाको दोस्रो वार्षिकोत्सवका अवसरमा सम्बोधन गर्नुभएको थियो।

उहाँले आफू स्वदेश फर्किए जेल वा मृत्युदण्डको जोखिम भए पनि लोकतन्त्र पुनःस्थापना गर्दै बङ्गलादेशलाई 'सही मार्ग' मा फर्काउन आगामी डिसेम्बरमा स्वदेश फर्किने दृढता व्यक्त गर्नुभएको थियो। हसिनाको उक्त अभिव्यक्तिप्रति बङ्गलादेशको विदेश मन्त्रालयले तत्काल कडा आपत्ति जनाएको थियो। ढाकाले उहाँको सार्वजनिक अभिव्यक्तिले जनभावनामा असर पारेको तथा दुई देशबीचको सहयोग र सम्बन्ध सुधारका प्रयासलाई थप जटिल बनाएको भन्दै विरोध जनाएको थियो।

भारतले भने हसिनासम्बन्धी उक्त कार्यक्रममा आफ्नो सरकारको कुनै संलग्नता नरहेको स्पष्ट पारेको थियो। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले नयाँदिल्लीमा आयोजित कार्यक्रम निजी सञ्चार संस्थाले आयोजना गरेको र त्यसमा व्यक्त भएका विचारसँग भारत सरकारको कुनै सम्बन्ध नरहेको बताउनुभएको थियो।

"तपाईंले उल्लेख गर्नुभएको अन्तरक्रिया निजी सञ्चार संस्थाले आयोजना गरेको हो। यसमा सरकारको कुनै संलग्नता छैन। न त उक्त मञ्चमा व्यक्त गरिएका कुनै पनि विचारलाई सरकारले समर्थन गर्छ", जयसवालले पत्रकार सम्मेलनमा भन्नुभएको थियो।

हसिनाको प्रत्यर्पण, हत्या आरोपमा रहेका व्यक्तिको फिर्ती तथा द्विपक्षीय सम्बन्ध सुधारका विषय पछिल्लो समय बङ्गलादेश-भारत सम्बन्धका प्रमुख मुद्दा बनेका छन्। सोमबारको उच्चस्तरीय भेटले यी विषयमा दुई देशबीच संवादलाई निरन्तरता दिने प्रयास भइरहेको सङ्केत गरेको छ।

# इन्डोनेसियाको राष्ट्रिय निकुञ्जमा आठ दिनदेखि डढेलो जारी

एएफपी। जाभा टापुको एउटा राष्ट्रिय निकुञ्जमा विनाशकारी डढेलोले ५०० हेक्टरभन्दा बढी क्षेत्रलाई नष्ट गरेको अधिकारीले बताएका छन्।

इन्डोनेसियाली आगो नियन्त्रकहरूले हेलिकप्टर र ड्रोनको सहयोगमा सोमबार आठौं दिनसम्म आगो नियन्त्रण लिने सङ्घर्षरत रहेका छन्।

यो आगोले लोकप्रिय पर्यटकीय गन्तव्य ब्रोमो तेङर सेमेरु राष्ट्रिय निकुञ्ज बन्द गर्न बाध्य बनाएको छ र ७०० भन्दा बढी फुटबल मैदान बराबरको क्षेत्र जलाएको छ

"सोमबारसम्मम आगो निकुञ्जको डिक्लिक उपत्यका क्षेत्रको आवासीय क्षेत्रतर्फ फैलिएको जाभा विपद् न्यूनीकरण एजेन्सीका पूर्व अधिकारी सात्रियो नुरसेनोले बताउनुभयो।

दुई वटा पानी छर्ने हेलिकोप्टर, कैयौं दमकल र 'स्प्रिङ्कलर' सहितका ड्रोनहरूले आगोसँग लडन खटाइएका वन रक्षक र सैनिकहरूलाई सहयोग गरिरहेका सात्रियोले बताउनुभयो।



वन मन्त्री राजा जुली एन्टोनीले आइतबार भन्नुभयो, "बादल नभएकाले ब्रोमो क्षेत्रमाथि वर्षा गराउन 'क्लाउड-सिडिङ मिसन' उडाउन केही दिनसम्म सम्भव हुने छैन।"

'क्लाउड-सिडिङ मिसन' मा विमानबाट बादलमा सिल्भर आयोडाइड र नुन जस्ता कण छर्केर वर्षा गराइन्छ।

सन् २०२३ मा ब्रोमो पर्वतमा विवाहपूर्वको फोटो लिने क्रममा एक जोडीले पटाका बाल्दा सुरु भएको आगोले ५०० हेक्टरभन्दा बढी भूमि नष्ट गरेको थियो।

राष्ट्रिय मौसम निकायका अनुसार यस वर्ष इन्डोनेसियामा लामो र तीव्र सुख्खा मौसम अनुभव हुने पूर्वानुमान छ, जसमा आंशिक रूपमा एल निनो मौसमी घटनाका कारण खडेरी र जङ्गली आगोको उच्च जोखिम छ।

एल निनो एउटा प्राकृतिक रूपमा हुने जलवायु घटना हो जसले विश्वव्यापी रूपमा हावा, वायुको चाप र वर्षाको ढाँचामा परिवर्तन ल्याउँछ।

भारत र दक्षिण-पूर्वी एसियामा यसले सामान्यतया सुख्खा अवस्था सिर्जना गर्छ।

गत एल निनोले सन् २०२३ र सन् २०२४ लाई विश्वव्यापी रूपमा रेकर्डमा सबैभन्दा तातो दुई वर्ष बनाउन मद्दत गरेको थियो।

यस वर्षको पहिलो छ महिनामा देशभर एकलाख सात हजार हेक्टरभन्दा बढी भूमि जलेको छ। यो सन् २०२३ मा जङ्गली आगोबाट नष्ट भएको क्षेत्रभन्दा दोब्बरभन्दा बढी हो।

# माउन्ट ब्रोमोमा डढेलो फैलिएपछि इन्डोनेसियामा आगलागी नियन्त्रण प्रयास तीव्र

एएफपी। इन्डोनेसियाले देशका विभिन्न क्षेत्रमा फैलिएको डढेलो नियन्त्रणका लागि हेलिकप्टर, सयौं अग्निनियन्त्रक तथा विपद् व्यवस्थापनकर्मी परिचालन गरेको छ। पूर्वी जाभाको लोकप्रिय ब्रोमो टेङर सेमेरु राष्ट्रिय निकुञ्जमा लागेको डढेलो सबैभन्दा ठूलो रहेको अधिकारीहरूले बताएका छन्। हालसम्म करिब ७४३ हेक्टर क्षेत्रफल जलेको बताइएको छ।

इन्डोनेसियाको वन मन्त्रालयका अनुसार सुख्खा मौसम तथा एल निनोको प्रभावका कारण देशमा वन तथा जमिनमा डढेलो फैलने जोखिम बढेको छ। डढेलोले सुख्खा घाँसे मैदान, वनस्पति तथा संरक्षित एडेलवाइस फूलको ठूलो क्षेत्र जलेर नष्ट भएको मन्त्रालयले जनाएको छ। आगो पर्यटकका लागि लोकप्रिय पेनान्जाकान क्षेत्रसम्म फैलिएको भए पनि हालसम्म मानवीय क्षति वा स्थानीय बासिन्दालाई स्थानान्तरण गर्नुपरेको विवरण प्राप्त भएको छैन।

आगो नियन्त्रणका लागि अग्निनियन्त्रक, सैनिक, प्रहरी, राष्ट्रिय निकुञ्जका कर्मचारी तथा स्वयंसेवक परिचालन गरिएको छ। अधिकारीहरूले अर्को सूचना जारी नभएसम्म राष्ट्रिय निकुञ्जमा पर्यटकको प्रवेशमा रोक लगाएका छन्।



जमिनबाट पुग्न कठिन क्षेत्रमा लागेको आगो नियन्त्रण गर्न सोमबारसम्म कम्तीमा तीन हेलिकप्टरबाट पानी खसाल्ने अभियान सञ्चालन गरिएको छ। जमिनमा रहेका टोलीले आगो फैलन नदिन अग्निनियन्त्रण, पानी छर्कने, गस्ती तथा फायरब्रेक निर्माणको काम गरिरहेका छन्।

वनमन्त्री राजा जुली एन्टोनीले आगलागी नियन्त्रण तथा पूर्वानुमानका लागि विभिन्न निकायबीच समन्वय भइरहेको बताउनुभएको छ। उहाँले चुरोटका ठुटा जथाभावी नफाल्न तथा आगो लगाएर जमिन सफा नगर्न सर्वसाधारणलाई आग्रह गर्नुभएको छ।

यसैबीच, सुमात्रा टापुको जाम्बी प्रान्तमा पनि ५० हेक्टरभन्दा बढी पीटभूमि जलेको छ। आगलागीका कारण केही क्षेत्रमा धुवाँ फैलिएको र वायुको गुणस्तरमा असर पर्ने चिन्ता बढेको अधिकारीहरूले बताएका छन्।

मुआरो जाम्बी जिल्लाको सुङ्गाई गेलाम गाउँमा बुधबारदेखि लागेको आगोले स्थानीयको स्वामित्वमा रहेका दर्जनौं हेक्टर तेलपाम बगानमा क्षति पुऱ्याएको छ।

आगो नियन्त्रणका लागि करिब ३०० अग्निनियन्त्रक तथा विपद् व्यवस्थापनकर्मी परिचालन गरिएको छ। तीन हेलिकप्टरबाट हवाई अग्निनियन्त्रण अभियान सञ्चालन भए पनि बाक्लो पीट माटो, पानीको सीमित उपलब्धता, दुर्गम भूभाग तथा तीव्र हावाका कारण आगो नियन्त्रणमा कठिनाइ भएको अधिकारीहरूले बताएका छन्।

# परीक्षा प्रणालीमा सुधारको माग गर्दै झारखण्डमा विद्यार्थी आन्दोलन

एएफपी। भारतको झारखण्डमा सरकारी रोजगारीका लागि हुने परीक्षामा अनियमितता भएको आरोप लगाउँदै विद्यार्थीहरूले सोमबार राज्य विधानसभातर्फ प्रदर्शन गरेका छन्। प्रदर्शनमा सहभागी केही विद्यार्थीले भोक हडतालसमेत गरेका छन्।

राज्यको राजधानी राँचीमा जुलाई २९ देखि सुरु भएको प्रदर्शनमा कम्तीमा छ जना विद्यार्थी भोक हडतालमा छन्। एक साताभन्दा बढी समयदेखि अनशनमा रहेका ३३ वर्षीय विद्यार्थी नेता देवेन्द्र नाथ महतोले परीक्षा सञ्चालनमा निजी कम्पनीको प्रयोग अन्त्य गर्न माग गर्नुभएको छ।

"हामी सम्पूर्ण प्रणालीमा परिवर्तन चाहन्छौं", भारतीय सञ्चारमाध्यमले महतोलाई उद्धृत गर्दै उल्लेख गरेका छन्।

सरकारी परीक्षामा निजी कम्पनीको संलग्नता तथा परीक्षामा भएको भनिएको अनियमितताको विरोधमा प्रदर्शनकारीले केही परीक्षा रद्द गर्न तथा सङ्घीय निकायमार्फत त्यसको अनुसन्धान गर्न माग गरेका छन्।

सोमबार सयौं सुरक्षाकर्मीले काँडेतारसहितको ब्यारिकेड लगाएर विधानसभाको सुरक्षा गरेका थिए। प्रदर्शनकारी र राज्य सरकारबीच यसअघि भएका पटक-पटकका वार्ता निष्कर्षविहीन भएपछि विद्यार्थीहरू नाराबाजी गर्दै विधानसभातर्फ अघि बढेका थिए।

झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनले प्रदर्शनकारीका केही माग सम्बोधन गर्दै आन्दोलन अन्त्य गर्ने प्रयास गर्नुभएको छ। परीक्षाको निरीक्षण गर्ने निजामती सेवा निकायका केही सदस्यले पनि राजीनामा दिएका छन्।

"कुनै पनि समस्या वार्तामार्फत समाधान गर्न सकिन्छ", मुख्यमन्त्री सोरेनले आइतबारको सम्बोधनमा भन्नुभएको थियो।

झारखण्डको प्रदर्शन भारतमा सरकारी भर्ना परीक्षाको पारदर्शिता र विश्वसनीयताबारे बढिरहेको असन्तुष्टिको पछिल्लो उदाहरण हो। सीमित सरकारी रोजगारीका लागि लाखौं युवा प्रतिस्पर्धा गर्ने भारतमा सरकारी परीक्षा रोजगारी प्राप्त गर्ने प्रमुख माध्यमका रूपमा रहेको छ।

यसअघि नयाँदिल्लीमा पनि सरकारी परीक्षामा कथित अनियमितताको विरोधमा युवाहरूले लामो समय प्रदर्शन गरेका थिए। उक्त आन्दोलनले भारतको परीक्षा प्रणालीको विश्वसनीयतालाई प्रमुख राजनीतिक मुद्दाका रूपमा समेत उठाएको थियो।

# उत्तर कोरियाको क्षेप्यास्त्र परीक्षणपछि दक्षिण कोरिया-अमेरिका संयुक्त अभ्यास गर्दै

एएफपी। उत्तर कोरियाले संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध उल्लङ्घन गर्दै ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गतिविधि पुनः सुरु गरेको केही दिनपछि दक्षिण कोरिया र अमेरिकाले संयुक्त सैन्य अभ्यास गर्ने भएका छन्। उत्तर कोरियाली सम्भावित खतराविरुद्ध सैन्य तयारी सुदृढ गर्न उनीहरूले अर्को साता वार्षिक अभ्यास सञ्चालन गर्न लागेका हुन्।

'उल्ची फ्रिडम शिल्ड' नाम दिइएको उक्त अभ्यास आगामी सोमबारदेखि ११ दिनसम्म सञ्चालन हुने दक्षिण कोरियाली सेनाले जनाएको छ। अभ्यासमा करिब १८ हजार दक्षिण कोरियाली सैनिक सहभागी हुने र यसको स्वरूप विगतका वर्षहरूकै जस्तो रहने सेनाका प्रवक्ता जाङ डो-योङले बताउनुभएको छ।

अमेरिकी सेनाका प्रवक्ता रायन डोनाल्डले हालैका द्वन्द्वबाट प्राप्त अनुभव तथा सम्भावित वास्तविक खतरालाई समेटेर अभ्यास सञ्चालन गरिने बताउनुभएको छ। उहाँका अनुसार अभ्यासले संयुक्त तथा बहुक्षेत्रीय सैन्य कारबाहीमार्फत दक्षिण कोरिया-अमेरिका गठबन्धनको तयारी र क्षमतालाई सुदृढ गर्नेछ।



उत्तर कोरियाले रुस-युक्रेन युद्धमा आफ्ना सैनिक पठाएको प्रसङ्ग उल्लेख गर्दै डोनाल्डले ती सैनिकले युद्धबाट प्राप्त अनुभव उत्तर कोरिया फर्काएर ल्याएको बताउनुभयो। त्यसबाट उत्तर कोरियाली सैन्य क्षमतामा परिवर्तन आएको र संयुक्त अभ्यासमा त्यसलाई समेत ध्यान दिइने उहाँको भनाइ छ।

'उल्ची फ्रिडम शिल्ड' दक्षिण कोरिया र अमेरिकी सेनाले वार्षिक रूपमा सञ्चालन गर्ने दुई प्रमुख संयुक्त सैन्य अभ्यासमध्ये एक हो। अर्को प्रमुख अभ्यास वसन्त ऋतुमा सञ्चालन गरिन्छ। अमेरिकी सेनाका अनुसार यस अभ्यासमा प्रत्यक्ष, भर्चुअल, कम्प्युटरमा आधारित तथा स्थलगत तालिम समावेश हुन्छ।

उत्तर कोरियाले भने यसबारे तत्काल कुनै प्रतिक्रिया जनाएको छैन। उसले दक्षिण कोरिया र अमेरिकाबीच हुने ठूला सैन्य अभ्यासलाई आफूविरुद्धको आक्रमणको तयारीका रूपमा लिँदै आएको छ। दक्षिण कोरिया र अमेरिकाले भने आफ्ना संयुक्त सैन्य अभ्यास रक्षात्मक प्रकृतिका भएको बताउँदै आएका छन्।

यसैबीच, दक्षिण कोरिया, अमेरिका र जापानले बिहीबार उत्तर कोरियाबाट छोटो दूरीको ब्यालिस्टिक क्षेप्यास्त्र प्रक्षेपण भएको पत्ता लगाएका थिए। जुनको अन्त्ययता उत्तर कोरियाले गरेको यो पहिलो ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण भएको बताइएको छ। क्षेप्यास्त्र उत्तर कोरियाको पूर्वी तटको समुद्री क्षेत्रमा खसेको थियो।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूले उत्तर कोरियालाई ब्यालिस्टिक क्षेप्यास्त्रसम्बन्धी गतिविधि सञ्चालन गर्न प्रतिबन्ध लगाएका छन्। दक्षिण कोरिया र जापानले उक्त प्रक्षेपणको निन्दा गर्दै यसलाई क्षेत्रीय शान्ति र सुरक्षाका लागि खतरा भएको बताएका छन्। अमेरिकी प्यासिफिक कमान्डले पनि अमेरिका आफ्ना मुलुक तथा क्षेत्रीय सहयोगी राष्ट्रको सुरक्षाप्रति प्रतिबद्ध रहेको जनाएको छ।

सन् २०१९ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ-उनबीचको उच्चस्तरीय कूटनीतिक प्रयास असफल भएपछि उत्तर कोरियाले आफ्नो आणविक तथा क्षेप्यास्त्र क्षमता विस्तारलाई तीव्रता दिँदै आएको छ।

दक्षिण कोरिया, अमेरिका तथा अन्य देशहरूले उत्तर कोरियाले रुसलाई सैनिक तथा हतियार सहयोग गरेकोमा चिन्ता व्यक्त गर्दै आएका छन्। रुसबाट प्राप्त सम्भावित सैन्य प्रविधि र युक्रेन युद्धबाट प्राप्त अनुभवले उत्तर कोरियाको आणविक तथा क्षेप्यास्त्र कार्यक्रम थप सक्षम बन्न सक्ने विज्ञहरूको आकलन छ।

# ऊर्जा परियोजनाले डच गाउँ मोर्डिक विस्थापनको जोखिममा

एएफपी। दोस्रो विश्वयुद्धको बमबारी र त्यसपछिका बाढीबाट जोगिएको नेदरल्याण्ड्सको सानो बन्दरगाह गाउँ मोर्डिक अहिले ऊर्जा रूपान्तरणका लागि प्रस्तावित ठूलो पूर्वाधार परियोजनाका कारण विस्थापनको जोखिममा परेको छ।

करिब एक हजार १५० जनसङ्ख्या रहेको मोर्डिकलाई सरकारले समुद्रमा आधारित वायु ऊर्जा परियोजनाबाट उत्पादित विद्युत् आपूर्ति तथा वितरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्न सम्भावित रूपमा विस्थापित गर्नुपर्ने क्षेत्रको सूचीमा राखेको छ।



नेदरल्यान्ड्सको दक्षिणी क्षेत्रमा रोटरडम र बेल्जियमको एन्टवर्प बन्दरगाहको बीचमा रहेको मोर्डिक रणनीतिक स्थानमा रहेकाले ऊर्जा पूर्वाधार निर्माणका लागि उपयुक्त मानिएको भूमि योजना विज्ञ प्याट्रिक विट्टेले बताउनुभएको छ।

उहाँका अनुसार गाउँ वरपर समुद्री, सडक र रेलमार्गको राम्रो सञ्जाल रहेकाले ऊर्जा तथा बन्दरगाहसम्बन्धी पूर्वाधार एकीकृत गर्न सहज हुनेछ।

सरकारको 'पावरपोर्ट' परियोजनाअन्तर्गत ठूलो ऊर्जा पूर्वाधार, हरित उद्योग तथा रासायनिक पदार्थ पुनःप्रयोगसम्बन्धी संरचना निर्माणका लागि सयौं हेक्टर जमिन विकास गर्ने योजना छ।

यसबाट समुद्रमा आधारित वायु ऊर्जालाई राष्ट्रिय विद्युत् प्रणालीमा जोड्न तथा विद्युत् प्रसारण सञ्जालमाथिको चाप घटाउन सहयोग पुग्ने अधिकारीहरूको भनाइ छ।

सरकारले गाउँको भविष्यबारे अन्तिम निर्णय भने गरिसकेको छैन। केही महिनाअघि नयाँ सरकारले परियोजना गाउँको बाहिरी क्षेत्रमा रहेको सानो भूभागमा सञ्चालन गरेर मोर्डिकलाई जोगाउन सकिने विकल्प अघि सारेको थियो।

स्थानीय बासिन्दाका लागि भने लामो समयदेखि जारी अनिश्चितताले दैनिक जीवन प्रभावित भएको छ। गाउँका केही बासिन्दाले घर मर्मतमा लगानी गर्न छाडेका छन् भने स्थानीय पसलले पनि नयाँ लगानी गर्न हिच्किचाइरहेका छन्। केही परिवारले विद्यालय बन्द हुनुअघि नै गाउँ छाडेको स्थानीय बासिन्दा पिम मेइजरले बताउनुभएको छ।

मोर्डिकका बासिन्दाले गाउँ जोगाउन माग गर्दै घरहरूमा 'मोर्डिक रहनैपर्छ' भन्ने नारासहितका ब्यानर राखेका छन्। स्थानीय अभियानमा सहभागी मेइजरका अनुसार गाउँका धेरै परिवार पुस्तौंदेखि यहाँ बस्दै आएका छन्।

# अन्तरराष्ट्रिय हवाई भाडा कम गर्न माग



काठमाण्डु । सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर्स (सोट्टो) नेपालले अन्तरराष्ट्रिय हवाई भाडा महँगो हुँदा नेपालको पर्यटन क्षेत्र प्रभावित भएको टिप्पणी गरेको छ।

सोट्टो नेपालले आज पर्यटन पत्रकारसँग गरेको अन्तर्क्रियामा अध्यक्ष मानवबहादुर शाहीले अन्तरराष्ट्रिय हवाई भाडा अत्यधिक महँगो हुँदा नेपाल आउने पर्यटक प्रभावित भएको बताउनुभयो ।

उहाँले पर्यटनलाई उद्योगका रूपमा मान्यता दिन, श्रम तथा सुरक्षा मापदण्ड बलियो बनाउन तथा अव्यावहारिक कर र नियम हटाउन सरकारसँग माग गर्नुभयो । अध्यक्ष शाहीले विदेशी वायुसेवा कम्पनीको एकाधिकार बढ्दै गएको भन्दै राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई थप जहाज व्यवस्थापन गरी कम्पनी मोडलमा सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

सन् २००८ मा स्थापना भएको सोट्टो नेपालले पर्यटन क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको अन्त्य गर्दै स्वस्थ तथा मर्यादित पर्यटन वातावरण निर्माणमा सक्रिय भूमिका खेल्दै आएको जनाएको छ।

कार्यक्रममा सोट्टो नेपालका पूर्वअध्यक्ष भुवनबहादुर पाण्डेले आफूहरूले स्थापनाकालदेखि नै अन्तरराष्ट्रिय बजारमा नेपालको पर्यटन सम्भावना प्रवर्द्धन गर्दै आएको जानकारी दिनुभयो ।

उहाँका अनुसार सिङ्गापुर, मलेसिया, रुस, फिनल्यान्ड, थाइल्यान्ड, भियतनाम, कम्बोडिया र भारतका विभिन्न राज्यमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

आन्तरिक पर्यटनतर्फ रारा, खप्तड, रेसुङ्गा, ऋषिकेश मन्दिर, सुपादेउराली र स्वर्गद्वारीजस्ता धार्मिक तथा पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिएको सोट्टो नेपालले जनाएको छ ।रासस

# धागोबाट सृजना, आत्मनिर्भर बन्दै आमाहरू

तुलसीपुर । दाङ बङ्गलाचुलीकी सुमिला नेपाली घोराही बसेर छोरी पढाउँदै आउनुभएको छ । पहिले छोराछोरीलाई स्कुल पठाएपछि घरमा आएर टिकटक, फेसबुक चलाउनेबाहेक खासै काम हुँदैनथ्यो । तर, अहिले उहाँको दैनिकी फेरिएको छ । उहाँ धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त हुनुहुन्छ ।

"पहिले त छोराछोरीलाई स्कुल पठायो, त्यसै बस्यो, समय बिताउनको कठिन हुन्थ्यो", उहाँले भन्नुभयो, "तर अहिले समय बिताउन पनि सहज भएको छ, आम्दानी पनि हुने गरेको छ ।"

उहाँले धागोबाट विभिन्न सामग्री बुन्न सुरु गर्नुभएको हो । अहिले उहाँको हातमा धागोमात्रै छैन, नयाँ सीप सिकेर आत्मनिर्भर बन्ने आत्मविश्वास पनि थपिएको छ ।

त्यस्तै, पूर्वीरुकुमकी झरना बुढामगर पढ्न दाङको घोराही आउनुभएको हो । पढाइबाहेक खाली समय कसरी बिताउने भन्ने अन्योलमा रहनुभएकी उहाँको दैनिकी पनि अहिले फेरिएको छ । घोराहीस्थित स्वप्न होजियारी उद्योगमा सम्पर्क भएपछि उहाँले धागोबाट विभिन्न सामग्री बनाउन सिक्नुभयो ।

"अहिले त व्यस्त भइयो", उहाँले भन्नुभयो, "केही नयाँ कुरा सिक्न पाउँदा धेरै फाइदा भएको छ ।" उहाँहरूमात्रै होइन, धेरै महिला धागोबाट विभिन्न सामग्री बुन्न व्यस्त छन् । हिजोसम्म घरधन्दा र छोराछोरीलाई स्कुल पठाएपछि 'के गर्ने ?' भन्ने अन्योलमा रहेका महिला अहिले व्यावसायिक काममा जोडिन थालेका छन् । उनीको हातमा क्रुस र सियोमात्रै छैन, आत्मनिर्भर बन्ने एउटा दरिलो आधारसमेत देखिन थालेको छ ।



हाल स्याउ, सुन्तला, गाजरलगायत आकर्षक ढाँचाका सामग्री बनाउन सीप सिकिसक्नुभएको छ । उद्योगमा कार्यरत महिला विद्यालयका लागि आवश्यक वर्णमाला, खेलौनालगायत सामग्री बनाउन पनि व्यस्त हुने गरेका छन् । 'ए प्लसदेखि जेब्रासम्म- ए टु जेड'का सामग्रीसमेत धागोबाटै बनाउने गरिएको छ ।

विभिन्न ५६ प्रकारका धागोका सामग्री बनाउने गरिएको उद्योगकी प्रमुख रचना सुवेदीले जानकारी दिनुभयो । दाङको घोराहीमा मुख्य उद्योग सञ्चालन गर्दै आएको यस संस्थाले महिलालाई तालिम र रोजगारीसँग जोड्दै आएको छ ।

उहाँका अनुसार अहिले विद्यालयले समेत धागोबाटै सामग्री बनाउन थालेपछि यसको माग बढेको छ । सबै सामग्री धागोबाटै बनाउन थालेपछि निकै काम पाएका छौं", उहाँले भन्नुभयो, "विद्यार्थीलाई सिकाउन पनि सहज हुने र वातावरणमैत्री हुने भएकाले सबैले यसको माग बढेको छ ।"

उहाँका अनुसार ऊनबाट बनाइएका यी सामग्री बालबालिकाका लागि सुरक्षित छन् । अन्य सामग्रीजस्तो चोट लाग्ने जोखिम कम हुने भएकाले बालबालिकाले प्रयोग गर्न सक्ने र पुनः प्रयोग गर्न सकिने भएकाले पनि यसको आकर्षण बढेको छ ।

सुवेदीका अनुसार उद्योगको मुख्य उद्देश्य व्यापारमात्रै नभई स्वरोजगार सृजना गर्नु पनि हो । उद्योगमा १५ जनाभन्दा बढी श्रमिक कार्यरत छन् । उनीहरूलाई काम सिकाउने र रोजगारी दिने गरिएको छ । "हामी काम पनि सिकाउँछौं र रोजगारी पनि दिन्छौं", उहाँले भन्नुभयो, "श्रमिकलाई सामग्री बिक्रीबाट प्राप्त रकमको ५० प्रतिशत दिने गरेका छौं ।"

उहाँका अनुसार 'ए टु जेड' को एउटा सेट रु पाँच हजारमा बिक्री गर्ने गरिएको छ । त्यसबाट प्राप्त रकमको ५० प्रतिशत श्रमिकलाई दिने गरिएको छ । पछिल्लो समय यसको मागसमेत बढिरहेको सुवेदीले बताउनुभयो ।

घोराहीमा विसं २०६३ मा उक्त होजियारी उद्योग सञ्चालनमा आएको हो । त्यसयता उद्योगले होजियारीसम्बन्धी तालिम दिँदै आएको छ । सोही तालिमबाट धेरै महिला रोजगारी प्राप्त गर्न सफल भएका छन् ।

उद्योगले दाङमा मात्र नभई विभिन्न जिल्लाका महिलालाई विभिन्न तालिम प्रदान गर्दै आएको छ । धागो र सियोबाट सुरु भएको यही सीप अहिले धेरै महिलाका लागि आम्दानीको माध्यममात्रै नभई आत्मनिर्भर बन्ने बाटोसमेत बनेको छ । रासस

# एक करोड ९४ लाख राजस्व सङ्कलन

जुम्ला । यातायात व्यवस्था सेवा कार्यालयले गत आर्थिक वर्ष २०८२/८३ मा कुल एक करोड ९४ लाख ४४ हजार राजस्व जम्मा गरेको छ ।

आव २०८१/८२ भन्दा गत आवमा करिब रु ५० लाख बढी राजस्व जम्मा भएको छ । चालक अनुमतिपत्र, सवार ।साधनको सङ्ख्यामा वृद्धि र सेवाप्रवाह छिटोछरितो भएकाले राजस्व बढेको यातायात व्यवस्था सेवा कार्यालयले जनाएको छ ।

पकेट तथा रुट परमिटबाट रु १८ लाख ८८ हजार सवारी दर्ता किताब दस्तुरबाट रु ६४ लाख ९२ हजार, अग्रिम आयकरमार्फत ६ लाख ६८ हजार, बेरुजु असुली एक हजार ५७५ र सवारीसाधन करबाट रु एक करोड ३९ लाख तीन हजार राजस्व जम्मा भएको कार्यालय प्रमुख राजेन्द्र कार्कीले बताउनुभयो ।

सोही अवधिमा मोटरसाइकल, स्कुटर र मोपेड वर्ग (ए) अन्तर्गत १८८ वटा, कार, जिप, डेलिभरी भ्यान वर्ग (बी) अन्तर्गत ३८ र चालक अनुमतिपत्र प्रतिलिपि तथा नवीकरण ३९४ गरी जम्मा ६२० वटा लाइसेन्स वितरण गरिएको छ । रासस

# माछापालनबाट मासिक २५ लाख आर्जद गर्दै


घोडाघोडी । गाउँका प्रायः युवा वैदेशिक रोजगारमा गए पनि विनोदले भने गाउँ छोडेका छैनन् । उहाँले नौ बिघा जमिनमा माछापालन गरेर वार्षिक रु २५ लाख बचत गर्नुभएको छ । कैलालीको घोडाघोडी नगरपालिक-५ का विनोद उदाहरणीय कृषक हुन्, विनोद चौधरी ।

पाँच वर्षअघि बैङ्कबाट कुल रु ५० लाख कर्जा सापट लिएर व्यवसाय गरेका चौधरीले माछापालनबाट मात्र वार्षिक रु २५ लाख कमाउन थाल्नुभएको हो ।

माछा उद्यमीका रूपमा परिचित विनोदको उमेर २७ वर्षको छ । पाँच वर्षअघि सीमित लगानीबाट उहाँले माछापालन सुरु गर्नुभएको हो । सुरुमा लगानी भए पनि अहिल भने विनोद माछापालन व्यवसायबाट खुसी हुनुभएको छ ।

उहाँको अधिकांश समय पोखरीमा बित्ने गर्छ । पढाइसँगै आम्दानी गर्नुपर्छ भन्ने मान्यताले माछापालनतर्फ आकर्षित हुनुभएका चौधरीले गाउँका अन्य युवालाई पनि स्वरोजगर बन्न प्रेरणा दिन थाल्नुभएको छ ।

"विदेश जानुभन्दा आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने सोचले अघि बढेमा असफल भइँदैन," विनोदले भन्नुभयो । माछापालन व्यवसाय सुरु गर्नु उहाँका लागि सहज थिएन । पोखरी, बाँध, पानी आपूर्तिको व्यवस्था, अन्य भौतिक संरचना निर्माणमै लाखौं खर्च गर्नु परेको थियो ।



चौधरीले सुरुमा रु २५ लाख लगानी गर्नुभएको थियो । पछि क्रमशः लगानी बढ्दै गयो । लगानी उठ्दैन भन्ने डर नभएको होइन, विनोदलाई अन्ततः धैर्यताको फल मीठो हुन्छ भने जस्तै पाँच वर्षमा उनको लगानी उठिसकेको छ । विनोद अहिले नाफामा हुनुहुन्छ ।

उहाँका अनुसार व्यवसायको सुरुआती चरणमा आम्दानीभन्दा खर्च धेरै हुने भएकाले परिवार सञ्चालन गर्न कठिनाइ भएको थियो । उत्पादन कम हुनु, बजार व्यवस्थापनमा अनुभवको कमी तथा निरन्तर लगानी आवश्यक पर्नुले आर्थिक दबाब बढाएको उहाँ सम्झनुहुन्छ ।

"सुरुमा कमाईभन्दा लगानी धेरै थियो । परिवार चलाउन पनि गाह्रो भयो । व्यवसाय टिकाउन धैर्य चाहिने रहेछ । दुई-तीन वर्षसम्म त नाफा भन्ने कुरा नै भएन," उहाँले भन्नुभयो ।

सुरुका वर्ष उत्पादन कम भएकाले वार्षिक रु पाँच लाखको माछा बिक्री हुने गरेको थियो । पछिल्ला वर्षमा उत्पादन बढ्दै गएपछि वर्षमा दुई पटकसम्म माछा बिक्री गर्न सकिने अवस्था बनेको छ । यससँगै वार्षिक आम्दानी पनि करिब रु २५ लाखसम्म पुगेको उहाँले जानकारी दिनुभयो ।

बजारमा ताजा माछाको माग निरन्तर बढिरहेकाले गुणस्तरीय उत्पादन गर्न सके अझ राम्रो आम्दानी लिन सकिने सम्भावना रहेको उहाँको विश्वास छ ।

बर्खायाममा बाँध भत्किने, पानीको सतह नियन्त्रण, पोखरी सफा, पानीको गुणस्तर कायम राख्नुपर्ने काममा हरेक वर्ष थप खर्च हुने गरेको उहाँले बताउनुभयो । उहाँले पाँच वटा ठूला पोखरीमा व्यावसायिक रूपमा माछापालन गरिरहनुभएको छ । चौधरीका अनुसार व्यवसाय सुरु गर्दा आवश्यक प्राविधिक ज्ञानको अभाव थियो । त्यसपछि विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त तालिम, प्राविधिक परामर्श र अनुभवी किसानसँगको सिकाइले व्यवसायलाई व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुगेको उहाँले बताउनुभयो ।

माछापालन व्यवसायमा धैर्य, लगनशीलता र सही व्यवस्थापन सबैभन्दा महत्वपूर्ण हुने उहाँको अनुभव छ । धेरैले व्यवसाय सुरु गरेको छोटो समयमै राम्रो आम्दानीको अपेक्षा गर्ने गरे पनि यो क्षेत्रमा सुरुका केही वर्ष लगानी बढी हुने र त्यसपछि मात्रै प्रतिफल आउन सुरु हुने उहाँको भनाइ छ ।

उहाँको व्यवसायमा अहिले परिवारका सदस्यहरूको पनि सक्रिय साथ रहेको छ । दाना व्यवस्थापन, पोखरीको हेरचाह, माछा बिक्री तथा अन्य दैनिक काममा परिवारका सदस्यले सहयोग गर्ने गरेका छन् । परिवारको साथ र निरन्तर मेहनतले व्यवसायलाई थप विस्तार गर्न सहज भएको उहाँ बताउनुहुन्छ ।

आगामी दिनमा उत्पादन क्षमता अझै बढाउने, आधुनिक प्रविधिको प्रयोग गर्ने तथा थप पोखरी विस्तार गरी व्यावसायिक माछापालनलाई अझ सुदृढ बनाउने योजना रहेको उहाँले बताउनुभयो ।

जोखिम मोलेर सुरु गरिएको माछापालन व्यवसायले आज चौधरीलाई आत्मनिर्भर बनाएको मात्र छैन, गाउँमै बसेर आधुनिक कृषि उद्यममार्फत सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने सन्देशसमेत दिएको छ । वैदेशिक रोजगारीलाई मात्रै सफलताको माध्यम ठान्ने युवाका लागि उहाँको यात्रा प्रेरणादायी उदाहरण बनेको छ । रासस

# सुर्खेतमा ग्यास अभाव हटाउन सर्वदलीय बैठक

कर्णाली । खाना पकाउने एलपी ग्यासको अभाव हटाउन तथा उपभोक्ता अधिकारलाई सुरक्षित गर्ने उद्देश्यका साथ सुर्खेतमा सर्वपक्षीय बैठक सम्पन्न भएको छ ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतको आयोजनामा आज वीरेन्द्रनगरमा आयोजित सर्वपक्षीय बैठकमा ग्यास अभाव, आपूर्तिमा असहजता र त्यसबाट जनजीवनमा परेको प्रभावबारे सरोकारवालाबीच छलफल भएको हो ।

छलफलमा सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीले ग्यास अभावले नागरिकको दैनिकी कष्टकर बन्दै गएकाले तत्काल समस्या समाधान गुर्नपर्ने बताउनुभयो ।

बैठकमा सरोकारवालाहरूको ध्यानाकर्षण गर्दै उहाँले भन्नुभयो, "सुर्खेतमा कति ग्यास सिलिन्डर चाहिन्छ ? अभाव सृजना कसरी भयो ? यसको माग र आपूर्तिको सन्तुलन मिल्नेगरी नेपाल आयल निगमले व्यवस्थापन गर्नुपर्दछ र अधिकृत विक्रेताले पारदर्शी रूपमा वितरण गर्नुपर्छ ।" वितरणमा देखिएका




सुरक्षा चुनौतीलाई व्यवस्थापन गर्न प्रशासन निरन्तर लागिरहेको बताउँदै अभाव हुन नदिन आयल निगमलाई आग्रह गर्नुभयो ।

निगमका प्रवक्ता मनोज ठाकुरले देशैभरि ग्यास आपूर्तिका लागि भारतीय आयल निगमसँग पहल भइरहेको बताउनुभयो । यो महिनाका लागि ५५ हजार मेट्रिक टन ग्यास सिलिन्डर माग गरिएको बताउनुभयो । बजारमा ह्वात्तै माग बढेकाले एकैपटक आपूर्ति गर्न कठिनाइ भएको प्रवक्ता ठाकुरको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सुर्खेत जिल्ला कमिटी अध्यक्ष कुलमणि देवकोटाले ३८ हजार घरपरिवारसहित निजामती कर्मचारी, सुरक्षा निकाय, विश्वविद्यालय, विद्यालयमा अध्ययनरत विद्यार्थी, विभिन्न उद्योग व्यवसायमा संलग्न नागरिक सुर्खेतमा रहेको बताउनुभयो । उहाँले ग्यासको तथ्याङ्क एकिन गरी मागअनुसार निगमले आपूर्तिको व्यवस्था मिलाउनुपर्ने सुझाव दिनुभयो ।

वीरेन्द्रनगर नगरपालिका-६ सुर्खेतस्थित नन्दनी ट्रेडर्सका प्रमुख मनोज दाहालले भेरी ग्यासमात्र ७० देखि ८० हजारको आवश्यक भएको बताउनुभयो । मागअनुसारको ग्यास उपलब्ध हुन नसक्दा नागरिकले हरेक दिन राति सडकमा लाइन लागेर बस्नुपर्ने बाध्यता आइलागेको उहाँले जनाउनुभयो । छलफलमा राजनीतिक दल, प्रहरी प्रशासन, व्यापार, व्यवसायी, उद्योगी, कर्मचारी, अभियान्ता र सञ्चारकर्मीको उपस्थिति थियो । रासस

# गुह्येश्वरीमा दैनिक तीन करोड २४ लाख लिटर फोहर पानी प्रशोधन



काठमाण्डु । गुह्येश्वरी फाँटस्थित गुह्येश्वरी ढल प्रशोधन केन्द्रले दैनिक तीन करोड २४ लाख लिटर फोहर पानी प्रशोधन गरिरहेको छ ।

केन्द्रका प्रमुख रामकुमार श्रेष्ठका अनुसार काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ढल प्रशोधन केन्द्र निर्माण थालिएको छ । सल्लाघारी, कोड्कु, धोबीघाट, गोकर्ण र हनुमानघाटमा प्रशोधन केन्द्र निर्माण जारी छ ।

काठमाडौं उपत्यकाका नदी तथा वातावरणलाई स्वच्छ राख्न अझ धेरै ढल प्रशोधन केन्द्र निर्माण गर्न आवश्यक भएको उहाँ बताउनुहुन्छ ।

प्रशोधन केन्द्रको क्षमता प्रभावकारी रूपमा उपयोग गर्न फोहर पानी र वर्षाको पानीका लागि छुट्टाछुट्टै पाइप प्रणाली आवश्यक पर्ने बताउँदै उहाँले त्यसका लागि स्थानीय तहसँग समन्वय गरिरहेको बताउनुभयो ।

बालुवा, इँटा, मरेका जनावरलगायत फोहर प्रशोधन गर्न कठिन हुने गरेको छ । ढलको फोहर र वर्षाको पानी एउटै प्रणालीबाट प्रशोधन केन्द्रमा प्रवाह हुँदा उक्त समस्या भएको उहाँको कथन छ । रासस

# दस परिवारको धानखेत बाढीबाट क्षति

खोटाङ । अविरल वर्षाका कारण खहरेमा आएको लेदोसहितको बाढीले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ बाँझोगरामा १० परिवारको खेत पुरिएको छ ।

दिक्तेल-जालपा-फेदी-ऐसेलुखर्क सडकखण्डअन्तर्गत जापलाको खरबारीबाट बाँझोगरामा झरेको लेदोसहितको बाढीले १३७ मुरी धान फल्ने खेत बगरमा परिणत गरेको गरेको छ ।

अविरल वर्षापछि यही साउन २, ३, ४ र १८ गते साउने खोल्सीमा झरेको लेदोसहितको बाढीले खेतबारी पुरेको किसानले बताएका छन् । रोपाइँ सकेर गोड्ने बेलाको खेतमा लेदोसहितको बाढी झरेर गेगर र बालुवा थुपारेपछि किसान चिन्तित भएका छन् ।

जालपास्थित खहरे खोल्सीमा आएको बाढीले रावाखोला वीरबहादुर श्रेष्ठको ३० मुरी, रत्नकुमार श्रेष्ठको १३ मुरी, गोपाल राईको आठ मुरी, सुब्बा राईको १२ मुरी, डाकमान राईको ११ मुरी र भाइकाजी राईको १० मुरी धान फल्ने खेत बगरमा परिणत भएको जालपाका वडाध्यक्ष दानबहादुर राईले जानकारी दिनुभएको छ ।

यस्तै, ऐँसेलुखर्क गाउँपालिका-७ माक्पाका गोपालकुमार राईको ३० मुरी,



पदमबहादुर कार्कीको पाँच मुरी, सुरमनी राईको आठ मुरी र सोही गाउँपालिका-३ ऐँसेलुखर्कका मानबहादुर राजभण्डारीको १० मुरी धान फल्ने खेत साउने खोल्सीको लेदोसहितको बाढीले पुरिएको छ ।

धान उत्पादनका लागि उर्वरभूमि मानिने रावाखोला किनार बाँझोगरा खेतमा स्थानीय किसानले गत जेठमा धान रोपाइँ गरेका थिए । रोपाइँ सकेर गोडमेल गर्ने बेला बाढीले धानबाली तथा खेतबारी पुरेपछि किसान मर्कामा परेका हुन् ।

विगतमा साउने खोल्सीमा त्यस प्रकारको बाढी कहिल्यै नझरेको स्थानीय रत्नकुमार श्रेष्ठले जानकारी दिनुभएको छ । "बर्सातमा सडकबाट झरेको पहिरो साउने खोल्सीमा मिसिएपछि लेदोसहितको बाढी झरेर खेतलाई खण्डहर बनाएको छ", उहाँले भन्नुभयो, "खाइनखाइ अर्मपर्म गरेर रोपेको धानखेत बाढीले पुरिएर बगरमा परिणत भयो । गोड्नेबेलाको बाली बगरमा परिणत भएपछि मन अमिलो भएको छ ।"

खोल्सीको बाढीले दिक्तेल-ऐँसेलुखर्क गाडी सञ्चालन भइरहेको सडकमा क्षति पुऱ्याएको छ । यस्तै, रावाखोला-तापखोला मुहानबाट बाँझोगरा खेतमै लगिएको सिम्ले कुलो र साउने खोल्साबाट पिखुमको ठूलो खेत लगिएको कुलो पनि बगाएको छ ।

बाढीले क्षतिग्रस्त सडक तथा कुलो मर्मतका लागि ऐँसेलुखर्क गाउँपालिकाका पूर्वप्रमुख विश्वनाथ निरौलाले साउन ४ गते जिल्ला प्रशासन कार्यालय खोटाङमा निवेदन दिनुभएको थियो । किसानको माग लिएर प्रशासनमा बुझाइएको निवेदन अहिलेसम्म सम्बोधन नभएको निरौलाले बताउनुभएको छ ।

दश स्थानीय तह रहेको जिल्लामा यस वर्ष अविरल वर्षाले विभिन्न स्थानीय तहका किसानको धान खेत तथा बारीमा क्षति गरेको छ । निरन्तरको वर्षाका कारण अहिले जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध छन् ।

गत जेठबाटै वर्षा सुरु भएको जिल्लामा मध्यपहाडी लोकमार्ग अन्तरगत दिक्तेल-चखेवाभञ्ज्याङ सडकखण्डसमेत बाढी तथा पहिरोले पटक-पटक अवरुद्ध हुँदै आएको छ । रासस

# मधेशबाटै 'दाइजोमुक्त नेपाल' अभियान सञ्चालन



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सरकारले मधेशबाट दाइजोमुक्त अभियान संचालन गर्ने भएको छ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षामन्त्री सीता बादी र मधेशी आयोगका पदाधिकारीबीच दाइजो प्रथा अन्त्यका लागि राष्ट्रिय अभियान सञ्चालन गर्ने विषयमा छलफल भएको छ ।

मन्त्रालयमा सोमबार भएको छलफलमा मधेशबाट 'दाइजोमुक्त नेपाल' अभियान सुरु गरी क्रमशः देशभर विस्तार गर्ने विषयमा छलफल भएको हो । छलफलका क्रममा दाइजो प्रथाविरुद्धको अभियानलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुनी व्यवस्था, जनचेतना तथा सरोकारवालाबीचको सहकार्यका लागि राय-सुझाव समेत लिइएको छ ।

अभियानलाई समुदायस्तरसम्म पुऱ्याउन युवा, महिला, स्थानीय तह, शैक्षिक संस्था, सामाजिक तथा धार्मिक अगुवा, नागरिक समाज र सञ्चारमाध्यमलाई सहभागी गराउने विषयमा पनि जोड दिइएको मन्त्री बादीको सचिवालयले जनाएको छ ।

मन्त्री बादीले दाइजो प्रथा महिलामाथिको आर्थिक तथा सामाजिक शोषण, लैङ्गिक विभेद र घरेलु हिंसासँग जोडिएको गम्भीर सामाजिक कुरीति भएको बताउँदै यसको अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन आवश्यक रहेको बताइन् ।

उनले 'दाइजोमुक्त नेपाल' निर्माण सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण समाजको साझा राष्ट्रिय अभियान बनाउनुपर्नेमा जोड दिइन् । परिवार र समुदायबाटै 'दाइजो नलिने, नदिने' संस्कारको विकास गर्नुपर्ने मन्त्री वादीले बताएकी छिन् ।

मन्त्री बादीले यसअघि प्रतिनिधिसभाकी उपसभामुख रुबी कुमारीसँग पनि दाइजो प्रथा अन्त्य तथा 'दाइजोमुक्त नेपाल' अभियानबारे छलफल भएको जानकारी दिँदै आगामी दिनमा अन्य सरोकारवालासँग समेत परामर्श गरी प्राप्त सुझावका आधारमा अभियान अघि बढाइने बताइन् ।

मधेसी आयोगका पदाधिकारीले मधेशमा महिला तथा बालबालिकाले भोगिरहेका बालविवाह, घरेलु तथा लैङ्गिक हिंसा, शिक्षा तथा स्वास्थ्यमा पहुँचको कमी, बोक्सीको आरोपमा हुने हिंसा, बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, नागरिकता तथा पहिचानसम्बन्धी समस्या र महिलाको निर्णय प्रक्रियामा न्यून सहभागिता लगायतका विषयमा समेत आयोगले आफ्ना धारणा राखेका थिए ।

# मिटरब्याजी साह परिवारविरुद्ध सीआईबी छानबीनको माग

**मिटरब्याजी साह परिवारविरुद्ध थप ८ वटा उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छ । ती उजुरीहरुको पनि छानबीन भई अभियोग पत्र जिल्ला अदालतमा दर्ता भई प्रक्रिया अघि बढिसकेको जनाइएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्जायी (अनुचित लेनदेन) तथा ठगी आरोपमा पक्राउ परेका एकै परिवार गोपाल साह, हरेराम साह र रेखा साहविरुद्धको मुद्दालाई केन्द्रिय अनुसन्धान ब्यूरो (सीआईबी) द्वारा छानबीन गर्न पिडीतहरुले माग गरेका छन ।

पिडीत ऋणीहरुले सोमवार एक पत्रकार सम्मेलन आयोजना गरी घटनाको निष्पक्ष छानबीनका लागि सीआईबी मार्फत छानबीन गर्नुपर्ने माग गरेका छ्न । उनीहरुले भने पैसाको बलमा मिटरब्याजी साह परिवार पटक पटक पक्राउ परेपनि छुट्दै आएकाले फेरी अदालतबाट सफाई हुनेमा आफूहरु संशकित भएकाले यसको छानबीन सीआईबीमार्फत हुनुपर्छ ।

दृष्टिबन्धकमा राखिएको जग्गा बैंकमा राखेर चार करोड ठगी गरेको आरोपमा धनुषा प्रहरीले धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साह, उनकी श्रीमती ४८ वर्षीय रेखा साह र छोरा ३२ वर्षीय हरेराम साहलाई पक्राउ गरेका थियो ।

प्रहरी उपरीक्षक खड्काका अनुसार गोपाललाई जनकपुरधामस्थित एक होटलबाट, रेखालाई धनुषाको नगराइन नगरपालिकाको जटहीस्थित सीमा नाकाबाट र छोरा हरेरामलाई काठमाडौँबाट पक्राउ गरिएको थियो ।

हाल तिनीहरुविरुद्ध अनुसन्धान गरी जिल्ला अदालतमा अभियोग पत्र दर्ता भईसकेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुपक खड्काले जानकारी दिएका छन् । जिल्ला अदालतले मंगलवारदखि बयान लिने कार्य शुरु हुने जनाइएको छ ।

विदेह नगरपालिकाका गोविन्द कुमार साहले दिएको उजुरीको आधारमा उनलाई साउन २ गते पक्राउ गरिएको थियो । घटनाको



लामो अनुसन्धानपछि तिनीहरुविरुद्ध जिल्ला अदालतमा सरकारी वकिल मार्फत मुद्दा दर्ता भई प्रक्रिया अघि बढेको हो ।

हाल जनकपुरधाम उपमहानगरपालिका-२ निवासी साहले गोपाल साहसँग जग्गा दृष्टिबन्धमा राखी कपाली तमसुक गरेर ९९ लाख ऋण लिएका थिए । गोविन्द साहले दृष्टिबन्धकमा रजिष्ट्रेशन गरिदिएको जग्गापछि जग्गाधनीलाई थाहै नदिइ गोपाल साहसहित तीनै जनाले बैंकमा धितो राखी चार करोड ऋण लिएको अभियोगमा तिनीहरुलाई पक्राउ गरिएको थियो ।

जनकपुरधामस्थित गोपाल साहको घरबाट जग्गाधनी पुर्जा ५० थान, नागरिकता प्रमाणपत्र १८ थान, एक थान ल्यापटप र विभिन्न छाप तथा नक्साहरु बरामद गरिएको थियो । मिटरब्याजी साह परिवारले विभिन्न सहकारी फार्म खोलेर त्यसका नाममा अनुदान रकमको दुरुपयोग, ऋण दिएर ऋणीको जग्गा रजिष्ट्रेशन पास गरी सो जग्गा बिक्री गर्ने वा बैंकबाट बढी ऋण उठाउने कार्यमा संलग्न रहेको आरोप लाग्दै आएको छ ।

मिटरब्याजी साह परिवारविरुद्ध थप ८ वटा उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भएको छ । ती उजुरीहरुको पनि छानबीन भई अभियोग पत्र जिल्ला अदालतमा दर्ता भई प्रक्रिया अघि बढिसकेको जनाइएको छ ।

मिटरब्याजी साह परिवारविरुद्ध थप उजुरी दिनेहरुमा विदेह नगरपालिका १ का बहुरी राउत, मिथिला नगरपालिका ८ का शिवसती कुमारी महतो, शहीदनगर नगरपालिका ३ का मोहम्मद काशिम, कमला नगरपालिका ४ का सुलिना खातुन, क्षिरेश्वरनाथ नगरपालिका ४ का युसुफ राईन, क्षिरेश्वरनाथ नगरपालिका ६ का राजीवकुमार सिंह, मिथिला नगरपालिका ६ का कृष्णलाल दास, जनकपुरधाम उपमहानगरपालिका ४ का निलम ठाकुर रहेकी छिन् ।

पत्रकार सम्मेलनमा निलम ठाकुरले आफ्नो श्रीमानले जग्गा पास गरी एक करोड ९ लाख रुपैया गोपाल साहसँग ऋण लिएकोमा जनकपुरधाम मुरली चोकका ५ कट्ठा जग्गा बिक्री गरिदिएको थाहा पाएको बताईन । उनले भनिन आफूले पटक पटक रकम लिएर जग्गा फिर्ता गरिदिन आग्रह गर्दै आएकोमा आलटाल गर्दै आएको छ ।

यस्तै मिथिला नगरपालिका ६ का कृष्णलाल दासले भने आफूले छोरी विवाहका लागि विभिन्न मितिमा गरी साढे १५ लाख रुपैया ऋण लिएकोमा पटक पटक गरी १० लाखभन्दा बढी रकम चुक्ता गरिदिएको र बांकी रकम लिएर जग्गा फिर्ता गरिदिन आग्रह गर्दा पनि आलटाल गर्दै आएको छ । केही दिनअघि थाहा पाए आफ्नो जग्गा त तिनीहरुले बिक्री गरिसकेका छन् ।

पत्रकार सम्मेलनमा उपस्थित सबै पिडित ऋणीले मिटरब्याजी साह परिवार विरुद्ध यस्तै यस्तै आरोप लगाए । उनीहरुले सयौं व्यक्तिहरुको जग्गा ऋण दिएकोमा जग्गा रजिष्ट्रेशन पास गरी तिनीहरुको जग्गा बिक्री र बैंकमा थप ऋण लिएर अन्या कारोबारमा लगाउँदै आएको आरोप लगाए ।

# हिरासतबाट छुटाई दिने भनेर रकम लेनदेन आरोपमा एक पक्राउ




**टुडे समाचारदाता**

मलंगवा । प्रहरी हिरासतमा रहेका व्यक्तिलाई छुटाइदिने भनेर रकम लेनदेनको गरेको आरोपमा सर्लाही प्रहरीले एक जनालाई पक्राउ गरेको छ भने घटनामा संलग्न रहेको अर्का व्यक्तिको खोजी कार्य जारी रहेको जनाएको छ ।

अनुसन्धानका क्रममा नियन्त्रणमा लिइएका व्यक्तिलाई प्रहरी हिरासतबाट छुटाइदिने भन्दै रकम लिएको आरोपमा विष्णु गाउँपालिका-४ का ४० वर्षीय बेचैन भन्ने अवधेश चौधरीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

चौधरीले सोही स्थानका राजेन्द्र रायसँग मिलेर प्रहरी कर्मचारीलाई प्रभावमा पारेर हिरासतमा रहेका व्यक्तिलाई छुटाउन रकम लिएको गम्भीर आरोप छ । चौधरीलाई साउन २३ गते पक्राउ गरी घटनाबारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाए ।

घटना सार्वजनिक भएपछि फरार रहेका राजेन्द्र रायको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले बताए । प्रहरीले नागरिकलाई ठगी तथा गैरकानुनी रकम असुलीबाट सचेत रहन आग्रह गरेका छन् ।

उनले नेपाल प्रहरीले प्रदान गर्ने सबै प्रकारका प्रहरी सेवा निःशुल्क हुने डिएसपी गौतमले स्पष्ट पार्दै उनले कसैले प्रहरीको नाममा रकम मागे वा यस्तै गतिविधि गरेको थाहा पाए तत्काले प्रहरीलाई खबर गर्न समेत अनुरोध गरेका छन ।

# लक्ष्यभन्दा ३ करोड बढी राजश्व संकलन

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा जनकपुरधाम उपमहानगरपालिकाले लक्ष्यभन्दा रु. ३ करोडभन्दा बढी राजस्व संकलन गरेको जनाइएको छ ।

उपमहानगरपालिकाले बक्यौता असुलीलाई प्राथमिकता दिँदै कर संकलनमा कडाइ गरेपछि राजस्व वृद्धि भएको दाबी गरिएको छ । उपमहानगरपालिकाले गत आर्थिक वर्षमा १७ करोड १५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो । तर, लक्ष्यभन्दा रु. ३ करोड २२ लाख बढी अर्थात् कुल रु. २० करोड ३७ लाख १ हजार ५५९ राजस्व सङ्कलन भएको राजस्व शाखाले जनाएको छ ।

यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा पनि रु. ३ करोड ७२ लाख २१ हजार ६२६ ले बढी हो । आव २०८१/८२ मा रु. १६ करोड २० लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकोमा रु. १६ करोड ६४ लाख ७८ हजार ९३३ संकलन भएको थियो ।



उपमहानगरपालिकाका अनुसार आव २०८२/८३ मा बेरुजु शीर्षकमा रु. ५ लाख संकलन गर्ने लक्ष्य रहेकामा रु. २१ लाख २६ हजार ४५३ असुली भएको छ । सम्पत्ति करबाट रु. ५ करोड ६१ लाख ५ हजार ३३१ र बहाल करबाट रु. ५ करोड ७५ लाख ३९ हजार ६४४ संकलन भएको छ ।

यसैगरी, नक्सापास दस्तुरबाट रु. ३ करोड ३७ लाख ८१ हजार, सिफारिस दस्तुरबाट रु. १ करोड ३४ लाख ९५ हजार ८९६ तथा बहाल बिटौरी करबाट रु. ९२ लाख ३२ हजार २०० राजस्व प्राप्त भएको छ ।

व्यवसाय करबाट रु. ५१ लाख ५० हजार ३४७, अन्य प्रशासनिक सेवा शुल्कबाट रु. ६८ लाख ३४ हजार ९३४ तथा अन्य सेवा शुल्क तथा बिक्रीबाट रु. २९ लाख ६८ हजार ४७५ संकलन भएको उपमहानगरपालिकाले जनाएको छ ।

त्यस्तै, परीक्षा शुल्कबाट रु. १७ लाख ८६ हजार ७ सय, व्यक्तिगत घटना दर्ता दस्तुरबाट रु. ५ लाख ९७ हजार ७२०, प्रशासनिक दण्ड तथा जरिवानाबाट रु. ११ लाख ५ हजार ५६३ र सरकारी सम्पत्ति बिक्रीबाट रु. १५ लाख राजस्व प्राप्त भएको छ ।

उपमहानगरपालिकाका राजस्व शाखा प्रमुख परमेश्वर झाका अनुसार बक्यौता असुलीलाई प्रभावकारी बनाउनुका साथै करदातालाई नियमित कर तिर्न प्रोत्साहित गरिएकाले राजस्व सङ्कलनमा उल्लेख्य सुधार आएको हो । उनले आगामी दिनमा पनि बक्यौता कर असुलीलाई प्राथमिकतामा राख्दै राजस्वको दायरा विस्तार गर्ने र कर प्रशासनलाई थप व्यवस्थित बनाउने तयारी पालिकाले अघि सारेको छ ।

# सीमा सुरक्षा तथा व्यवस्थापनका लागि अनुगमन

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला सुरक्षा समिति धनुषाले जिल्लाभित्र पर्ने नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा अवस्था तथा सीमा व्यवस्थापनबारे अनुगमन गरेका छन् ।

जिल्लाका विभिन्न सीमा नाका तथा सीमावर्ती क्षेत्रमा पुगेर सुरक्षा अवस्था, आवतजावत, सीमा स्तम्भको अवस्था र स्थानीयस्तरमा देखिएका समस्याबारे जानकारी लिएको जनाइएको छ ।

अनुगमनका क्रममा सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीको अवस्था, नियमित गस्ती, सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण तथा नेपाल-भारत सीमाबाट हुने आवतजावतलाई व्यवस्थित बनाउने विषयमा समेत छलफल गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिएका छन् ।



उनका अनुसार सीमा क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सुरक्षा निकायबीच थप प्रभावकारी समन्वय आवश्यक रहेको छ । उनले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी तस्करी तथा गैरकानुनी आवतजावत नियन्त्रण गर्न सुरक्षा निगरानीलाई निरन्तरता दिइने बताउँदै सीमावर्ती नागरिकलाई समेत सुरक्षा निकायसँग सहकार्य गर्न आग्रह गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलका अनुसार सीमा सुरक्षा सुरक्षाकर्मीको जिम्मेवारी मात्र नभई सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको सहयोग र समन्वयबाट अझ प्रभावकारी बनाउन सकिन्छ । उनले सीमा क्षेत्रमा देखिएका समस्या पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गरेर समाधानको पहल गरिने पनि बताए ।

जिल्ला सुरक्षा समितिको अनुगमनले सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक निर्देशन दिनुका साथै सीमा सुरक्षा र व्यवस्थापनलाई थप व्यवस्थित बनाइनेछ भने आगामी दिनमा पनि सीमा क्षेत्रमा नियमित अनुगमन तथा सुरक्षा निगरानीलाई निरन्तरता दिने प्रशासनले जनाएको छ ।




**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८